सि.जि.प्र.द.नं. १७ जि.हु.द.नं. २८

# सन्देश जनप्रिय

Sandesh Janapriya Weekly साप्ताहिक

❖ वर्षः- २१ ❖ अङ्कः- ५ ❖ २०८० भाद्र ०६ गते बुधबार(23 Aug. 2023 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-







# सिन्धुली माओवादी केन्द्रमा सुधारको चार योजना

# "आशंका र तुष्टि होइन, विश्वास, समर्पण र सन्तुष्टि हुनुपर्छ"



**महेश्वर दाहाल**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को हालै सम्पन्न चौथो पूर्ण बैठकले तय गरेको तीन महिने पार्टी रुपान्तरण अभियान अन्तर्गत मलाई सिन्धुली सदरमुकाम स्थित कमलामाई नगरपालिका इन्चार्ज

**नयाँ योजना–परियोजना लागू गर्दा, छनौट गर्दा वा त्यसका लागि दबाब दिंदा आफ्नो स्वार्थ आग्रहबाट होइन बहुसंख्यक जनताको आवश्यकता आधारबाट प्रेरित हुने ।**

तोकेको छ । केन्द्रीय कार्यदिशा लागू गर्ने यो 'जनतासँग माओवादी विशेष रुपान्तरण अभियान' भदौ १६ देखि मंसिर १५ सम्म सञ्चालन हुनेछ। र, त्यसको तयारी का लागि पार्टीको सिन्धुली जिल्ला समितिले अन्तरक्रियात्मक बैठक समेत सम्पन्न गरेको छ । नगर इन्चार्जको जिम्मेवारी पाउनु र स्वयं सिन्धुलीबासी हुनुका नाताले मैले पनि त्यस बैठकमा आफ्नो उपस्थिति र विचार दर्ज गरेको छु।

केन्द्रीय अभियानले पार्टीको सबै भन्दा तल्लो इकाइ वडा कमिटीलाई सुदृढ गर्न प्राथमिकता दिएको छ। आधारभूत र मेहनेती जनता रहेको वडालाई सुदृढ गरेर नै पार्टी सुदृढ हुने हो। हरेक पार्टी सदस्यले 'मेरो वडालाई सबैभन्दा शक्तिशाली बनाउँछु' भनेर सक्रियतापूर्वक लाग्ने हो भने सिन्धुलीमा फेरि पनि माओवादी केन्द्र एक नम्बर शक्तिको रुपमा पुनर्स्थापित हुनेछ। तर,यसका लागि हामीसँग आशंका र तुष्टि होइन, विश्वास, समर्पण र सन्तुष्टि हुनुपर्छ।

सबभन्दा पहिला त माओवादी केन्द्रका हरेक नेता, कार्यकर्ता र सदस्यले जनसेवकको रुपमा आफ्नो पहिचान स्थापित गर्नुपर्छ। हाम्रो सदैवको संकल्प के हो भने व्यक्तिगत प्राथमिकता भन्दा देशको समृद्धि ठूलो हो। त्यसका लागि सामाजिक न्यायसहित गुणात्मक आर्थिक विकास को जनहितको राजनीतिसँग समाज लाई हामीले नै बलियोसँग जोड्न सक्नुपर्छ। सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायका लागि जनदवाव सिर्जनासँगै पार्टी शुद्धीकरण र सुदृढीकरण समेत यो अभियानको अभिन्न लक्ष्य हो। सिन्धुलीवासीको संघर्षगाथा देशकै गौरवका रूपमा इतिहास र वर्तमानमा स्थापित छ। नेपाल एकीकरणको भीषण संघर्षमा र त्यसपछिका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका संघर्षमा यहाँका जनताको उदाहरणीय योगदान छ। यसलाई हामीले नै सबैतिर अझ व्यापक रूपमा स्थापित गर्नुपर्नेछ। सिन्धुली जिल्लाको संघर्ष गाथालाई मुख्यत: चार भागमा हेर्न सकिन्छ। एक, अंग्रेजसँगको संघर्ष । दुई, लोकतान्त्रिक आन्दोलनको नेतृत्व । तीन, क्रान्तिकारी कम्युनिष्ट आन्दोलन को निर्माण । र, चार, जनयुद्धमा अग्रणी भूमिका।

इष्ट इन्डिया कम्पनीको रूपमा पूरै भारत वर्षलाई कब्जा गरेको अंग्रेजसँगको संघर्षमा सिन्धुली मोर्चा कमजोर बनेको हुन्थ्यो भने नेपाली भूगोल र इतिहास आजको अवस्थामा हुँदैन थियो। यो इतिहासको गौरव र विरासतलाई हामीले नै सही अर्थमा पक्रनुपर्छ । राष्ट्रिय स्वाधीनताको आन्दोलनमा अग्रमोर्चामा रहनु पर्छ। नेपालको लोकतान्त्रिक आन्दोलनका अग्रणी कृष्णप्रसाद कोइराला सिन्धुली कै हुन्। उनका तीन छोरा मातृका प्रसाद कोइराला, वीपी कोइराला र गिरिजा प्रसाद कोइराला प्रजातान्त्रिक/ लोकतान्त्रिक/ गणतान्त्रिक आन्दोलन सम्पन्न गरेर नै प्रधानमन्त्री भए। आफन्त सुशील कोइराला आजको संघीय लोकतान्त्रिक गणतन्त्र संविधान जारी गर्ने चरणका प्रधानमन्त्री हुन । लोकतान्त्रिक आन्दोलनमा लागेकाहरूलाई सम्मान गरेर नै हामी इतिहासका, वर्तमानका र हरेक परिवेशका सम्पूर्ण जनअधिकार आन्दोलनको अपनत्व लिन सक्छौं। सिन्धुलीमा ऋषि देवकोटा 'आजाद', सीपी गजुरेल, मोहन ●बाँकी २ पेजमा

## प्रधानन्यायाधीश श्रेष्ठले लिए शपथ

**काठमाडौं**/राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठलाई पद तथा गोपनियताको शपथ गराएका छन्। राष्ट्रपति कार्यालय शीतल निवासमा आज आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले प्रधानन्यायाधीश श्रेष्ठलाई पद तथा गोपनियताको शपथ गराएका हुन्।

समारोहमा राष्ट्रपतिका साथै उप राष्ट्रपति रामसहाय यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सभामुख देवराज घिमिरे, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ, संवैधानिक निकायका प्रमुखहरु, सर्वोच्च अदालतका ●बाँकी २ पेजमा

## सिआइबिले दियो बाबुराम र माधवलाई सफाई !

**काठमाडौ**/ नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले बालुवाटारस्थित ललिता निवास जग्गा हिनामिना सम्बन्धीअनुसन्धान प्रतिवेदन आज मंगलवार जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाएको छ।




सीआईबीले गरेको अनुसन्धानमा २०४९ देखि २०७० सालसम्म पाँच पटक गरी बालुवाटारस्थित ललिता निवासको १४३ रोपनी सरकारीजग्गा व्यक्तिका नाममा दर्ता भएको खुलेको छ । यसमध्ये २०६६ सालमा ' प्रधानमन्त्री निवास विस्तार'का नाममा २५ रोपनी भन्दा बढी जग्गा प्लटिङको बाटो बनाउन र मोहीका नाममा दर्ताहुन पुगेको छ । माधव नेपाल नेतृत्वको सरकारले बालुवाटार स्थित प्रधानमन्त्री निवास विस्तार गर्ने र बाहिरको जग्गा पर्खालभित्र पार्दात्यहाँ रहेका मोहीलाई सट्टा भर्नामा जग्गा दिने निर्णय गरेको थियो । निर्णय कार्यान्वयन हुँदा प्रधानमन्त्री निवासमा २७ रोपनी ७ आना २पैसा १ दाम जग्गा थपिनुपर्ने थियो। तर मन्त्रिपरिषद्ले नै सरकारी जग्गामा हुँदै नभएको मोही खडा गरेर उनीहरुलाई अन्यत्र व्यवस्थापन गर्ने भनी निर्णय गर्यो र बालुवाटारको पर्खालभित्र थपिनुपर्ने जग्गाको करिब आधा हिस्सा मोहीका नाममा सारेर 'भूमाफिया'को कब्जामा गएको अनुसन्धान अधिकृतहरुको निष्कर्ष छ। प्रधानमन्त्री ●बाँकी २ पेजमा

## एसपी र सिडिओलाई किन सरुवा गर्न खोजियो !

**सिन्धुली**/ जिल्ला प्रहरी कार्यालय प्रमुख र प्रमुख जिल्ला अधिकारीलाई सरुवा गराउन लागिरहेका संघीय माननीयको प्रयास असफल भएका बेला प्रहरी उपरिक्षक राजकुमार सिलवालले साना तिना कामहरु गरेर आफुलाई अब्बल सावित गराउन खोजिरहेको सिन्धुली प्रहरी भित्र चर्चाको विषय बन्न थालेको छ।

गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई सिन्धुलीका एसपी सिलवाल र प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले आफुले भनेका कामहरु नगरिदिएपछि आक्रोसित भएका संघीय माननीयले सरुवाका लागि पटक पटक आग्रह गरेका थिए तर त्यो आग्रहलाई गृहमन्त्रीले कार्यान्वयन गर्न नपाउँदै गृहमन्त्रीकै पद धरापमा पर्न थालेपछि भने ती माननीयको टाउको दुखाईको विषय बन्न थालेको छ।

समाचार स्रोतका अनुसार जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा अहिले 'चेनअफ कमाण्ड'मा चलेको जस्तो देखिएपनि आन्तरिक रुपमा बेमेल बढिरहेको एक अधिकारीले सन्देश जनप्रियलाई बताए । उनका अनुसार विगतमा काम गर्ने क्रममा जुनखालको सौहार्दता थियो अहिले त्यस्तो छैन, माथि देखी तलसम्म सबैले शंका मात्रै गरिरहेका हुन्छन्। जसले गर्दा पछिल्लो ●बाँकी २ पेजमा

## भ्याटारो — राजेश मानन्धर




## भुटानी शरणार्थी प्रकरण र एआइजीको सरूवाले उठाएको प्रश्न




□ प्रेम दाहाल

सरकारले अप्रत्यासित रुपमा गरेको नेपाल प्रहरीका एआईजीहरुको सरुवा विवादित बनेको छ। नेपाली कांग्रेसका सभापति शेरवहादुर देउवा र गृहमन्त्री नारायणकाजी श्रेष्ठको इन्ट्रेष्टमा एआईजीहरुको सरुवा गर्दा उपत्यका प्रहरी कार्यालयका प्रमुख डा.मनोज केसीको पनि जिम्मेवारी फेरियो। चाढे चार महिना अगाडि मात्रै उपत्यका प्रहरी प्रमुखको जिम्मेवारी पाएका केसीले नक्कली भुटानी शरणार्थी प्रकरणको मुद्दाको अनुसन्धानमा अगुवाई गरेका थिए। उनकै अगुवाइमा नेपाली कांग्रेसका नेता एवम् पूर्व गृहमन्त्री बालकृष्ण खाँण, नेकपा एमालेका सचिव टोप बहादुर रायमाझी र बहालवाला सचिव टेकनारायण पाण्डे जस्ता उच्च तहका व्यक्ति पक्राउ परेका थिए। तर उक्त प्रकरणमा थप १८ जनाको जाहेरी उपत्यका प्रहरी कार्यालयमा दर्ता गरिएपछि सरकारले केसीको सरुवा गरेपछि उक्त निर्णय बिवादित मात्रै बनेको छैन सरकारले दोषीलाई उन्मुक्ति दिन खोजिरहेको भन्ने नेकपा एमालेको आरोपलाई सही सावित गराउने अवस्था सिर्जना भएको छ। केसीको ठाउँमा दीपक थापा आएका छन् भने अरु एआईजीहरुको पनि एकै साथ सरुवा गरियो।

तर यति छोटो अवधिमा भएको एआईजीहरु सरुवाको पछाडि नक्कली भुटानी शरणार्थी प्रकरणमा थप जाहेरी लिने डा.केसीको सरुवा लाई विशेष चासोका साथ हेरिएको छ। अझ प्रमुख ●बाँकी २ पेजमा




**सिन्धुली .........**

घिमिरे, ठगेन्द्र घिमिरे, रामेश्वर कोइराला, भुवन चौलागाईसहितको समूहले नै क्रान्तिकारी कम्युनिष्ट आन्दोलन, आन्दोलनका लागि जनसंगठनको जग बसालेको, पहल कदमी लिएको हो । २०२३ सालदेखि शुरु भएको त्यो सिलसिला २०२८ को झापा विद्रोह र २०२९ को केन्द्रीय न्युक्लसको परख गर्दै अन्ततः चौथो महाधिवेशनसम्मको क्रान्तिकारी विकासमा पुग्यो । २०३२ सालबाट वर्गसंघर्ष सुरु भएसँगै सिन्धुलीका थुप्रै नेता तथा कार्यकर्ताहरु लामो समय जेल र भूमिगत बस्नुपर्यो । वर्गसंघर्षकै क्रममा ऋषि देवकोटा 'आजाद' दुर्गा सुवेदी र दलबहादुर र जन मगरहरूले सहादत हुनुपर्यो । उनीहरूले निर्माण गरेको त्यस आधार भूमितिर, उनीहरूले टेकेको घरदैलोतिर हामी फेरि पुग्नैपर्नेछ ।

ईश्वरी दाहालले २०४३ सालमा जिल्ला अदालत सिन्धुलीको इजलास मा उभिएर आफूले राजतन्त्र नमान्ने उद्घोष गर्नुभएको थियो । निरंकुश राजतन्त्रको त्यो समयमा अदालतको इजलाशमा उभिएर, जीवनलाई जोखिममा राखेर त्यो ढंगले वयान दिने सम्भवतः उहाँ पहिलो व्यक्ति हुनुहुन्थ्यो । उहाँलाई त्यसअघि र पछि पनि जेल, कालकोठरीमा राख्यो । त्यसअघि संसदमा गणतन्त्रको पक्षमा रामराजाप्रसाद सिंहले बोल्ने साहस गर्नुभएको थियो ।

तत्कालीन नेकपा (माओवादी) ले २०५२ सालमा शुरु गरेको जनयुद्धमा सिन्धुली, रूकुम, रोल्पा र गोरखा जस्ता जिल्लाले नै आधारभूमिको काम गरेका थिए । नेतृत्व गरेका थिए । पूर्वका धेरै ठाउँमा वैचारिक, संगठनात्मक, फौजी नेतृत्व सिन्धुलीले नै निर्माण गर्यो ।

महेन्द्र श्रेष्ठ, शेरमान कुँवर, मोहन चन्द्र गौतम, कमल देवकोटा, खड्ग देवकोटा जस्ता सिन्धुलीका युग पुरुषहरूले हाँसी हाँसी आफूलाई सहादत गर्नुभयो ।सिन्धुलीका अर्का आदर्श युगपुरुष चित्रनारायण श्रेष्ठ अहिलेसम्म राज्यबाट बेपत्ता बनाइनु भएको छ । शान्तिमान कार्की जस्ता कयौं जनपक्षीय एमालेहरूले आफूलाई कम्युनिष्ट आन्दोलनको मूलधार माओवादीमा समाहित गर्नुभयो । जनयुद्ध र जनसंघर्षकर्ता नेतृत्वका रूपमा हरिबोल गजुरेल, राम कार्की र लीलामणि पोखरेल जस्ता नेताको योगदान सिन्धुलीका लागि अविस्मरणीय छ।

हामीले वलिदान र संघर्षको सधैं सम्मान गर्नुपर्छ। चित्रनारायण श्रेष्ठकी जीवन संगिनी सावित्री श्रेष्ठजस्ता माओवादी आन्दोलनको चिन्ता गर्ने जनयोद्धाका परिवार र सबै ऐतिहासिक व्यक्तित्वहरूलाई हामीले किमार्थ भुल्नु हुँदैन। सिन्धुली जस्तो क्रान्ति र ऐतिहासिक परिवर्तनको योगदान बोकेको जिल्लामा यावत संघर्षकारी विगतको अपनत्व लिंदै माओवादी केन्द्र जस्तो पार्टीले राजनीतिक एवम् संगठनात्मक अगुवाइका लागि अब के गर्ने ? एक, पार्टी संगठनसँग आवद्ध पूर्णकालीनहरू स्वाभिमानीपूर्वक बाँच्न र राष्ट्रिय अर्थतन्त्रमा योगदान समेत पुर्याउन सामूहिक उत्पादनसँग जोडिने । जस्तैः कृषि उत्पादन, घरेलु तथा साना-मझौला उद्योग र व्यवसाय अगाडि बढाउन सहकारी वा सामुदायिक 'मोडेल' बनाएर लगानी, उत्पादन गुणस्तरीयता र बिक्री वितरणको अभियान नै चलाउने । दुई, पार्टीले तय गरेका राष्ट्रिय प्राथमिकता र स्थानीय स्तरमा आउने मौलिक सरोकार मा जनपक्षीय भएर सम्झौताहीन अभियान चलाउने । हाल प्रचण्डको नेतृत्वको सरकारले अगाडि सारेका सुशासन स्थापित गर्ने अभियानलाई जिल्ला र पालिका तहमा समेत उत्तिकै महत्व दिएर अभियान चलाउने। तीन, आफूले जितेका पालिकाहरूमा जनजीविका, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा उदाहरणीय र सबैले चर्चा गर्न वाध्य हुनेगरी कामहरूको शुरुवात गर्ने । निःशुल्क र सुलभ आधारभूत शिक्षा तथा स्वास्थ्यको प्रत्याभूतिका लागि शैक्षिक एवम् स्वास्थ्य निकायको प्रभावकारी अनुगमन गर्ने । नयाँ योजना-परियोजना लागू गर्दा, छनौट गर्दा वा त्यसका लागि दबाब दिंदा आफ्नो स्वार्थ आग्रहबाट होइन बहुसंख्यक जनताको आवश्यकता आधारबाट प्रेरित हुने ।

चार, जमिनमा जोत्नेको वा कृषि मजदुरको हक स्थापित गर्ने ।

कम्युनिष्ट नारा आज बहुत अल्मलिएको अवस्थामा छ । कृषिको जति नै आधुनिकीकरण भयो भनिए पनि वास्तविक कृषि श्रमिकको हातमा जमिन छैन । जमिन्दारले जोत्नेको चर्को श्रम शोषण गरेका छन् । कमसेकम आफूले जितेका पालिकामा जमिनसँगै निर्भर तर जमिन नहुने किसान वा कृषि मजदुर को पहिचान गरी तिनलाई जमिनको हक दिलाउने अभियान शुरु गर्ने ।

तत्काल कुनै जमिन्दारलाई जमिन बाट बेदखल गर्न कानुनी संकट छ भने सिंचाइ संभावना समेत हेरेर सरकारी, पर्ती, उपयोग नभएका चौर, पर्यावरणलाई असर नपर्ने गरी वनको भनिएका तर खाली रहेका जमिन र लामो समयदेखि बाँझै राखिएका जमिन उपयोग गर्ने अभियान चलाउने । अलिकति शक्ति र अलिकति हस्तक्षेप यसले सिर्जना गर्छ तर यस्ता पेचिला सन्दर्भमा सफल नहुने हो भने माओवादी केन्द्र अरुभन्दा भिन्न हुनै सक्दैन । सुकुम्बासीलाई एक टुक्रा घडेरी दिंदैमा जमिनमा श्रम गर्नेको न्याय स्थापित हुन सक्दैन।

गति दुई प्रकारका हुन्छन । सचेत पहलकदमी र निरन्तरता । यथास्थितिमा रमाउने कि समाजवादको यात्रामा जाने रु माओवादी केन्द्र सिन्धुलीले यस अभियानकै क्रममा आफ्नो चिनारी स्थापित गर्नुपर्ने छ। (सिन्धुलीका माआवादी इन्चार्ज हुन्)

**एसपी .......**

समय सिन्धुली प्रहरीको अनुसन्धान र कारबाही सानातिना केसमा मात्रै भइरहेको छ ।

केही दिन अगाडि प्रहरीले अवैध कपडा नियन्त्रणमा लिई भन्सार कार्यालय धनुषा पठाएको थियो । उक्त घटनालाई प्रहरीले निकै ठूलो प्रचारवाजी गरेको थियो । सवारी चेक जाँच गर्ने क्रममा ७० पिस बच्चाको कपडा बरामद गरि अनुसन्धानका लागि भन्सार कार्यालय पठाएको बिबरण बाहिर ल्याएको थियो । जवकी सिन्धुली जिल्ला लागुऔषध ओसार पसारको केन्द्र बनिरहेको छ । सामुदायिक विद्यालयभित्रै गाँजा खाने विद्यार्थीहरुको जमात भेटिन थालेका छन् । प्रहरीले विद्यालयमा लागु औषध विरोधी अभियान चलाएको धेरै भएको छैन । तर त्यसको रोमथाम र नियन्त्रणका लागि प्रहरीले थालेको अभियानले सार्थकता पाउन नसक्नुको मुख्य कारण प्रहरीमाथि बढेको राजनैतिक दबाबका रुपमा लिनेहरु धेरै छन् ।

अधिवक्ता टंकविक्रम थापा भन्छन्: अपराध स्थापित गर्ने र संलग्नलाई दण्डित गराउने सन्दर्भमा राजनैतिक दबाब नहुने हो भने अपराधका घटनाहरुमा धेरै कमी आउने थियो । एकातिर राजनैतिक आडमा सरुवा भएर आउने र सोही आडमा अर्थोपार्जन गर्ने विगतका प्रहरी अधिकारीहरुको कार्यशैली अहिले पनि दोहोरिन थालेको त छैन ? भन्ने प्रश्न अहिले उठाउन थालिएको छ । उनीहरुका अनुसार प्रहरी उपरिक्षकको सिमित व्यक्तिहरुसँगको उठबसलाई पनि विगतकै शैलीका रुपमा अर्थ्याउन थालिएको छ ।

सिन्धुली जिल्ला प्रहरी कार्यालयको प्रमुख भएर आएका तत्कालिन प्रहरी उपरिक्षक आभुषण तिमल्सिनाले सुनलाई रातारात पित्तल बनाएपछि उनको तत्कालै सरुवा गरिएको थियो । अहिले उनी बढुवा प्रकरणमा पछि पारिएको भन्दै राजिनामा दिएर बसेका छन् । नेपाल प्रहरी भित्र आभुषणजस्ता दुई प्रहरी अधिकारी लाई नमुना प्रहरी अधिकारीका रुपमा व्याख्या गर्ने गरिएको छ ।

**भुटानी .......**

सत्तारुढ दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पत्नी आरजुको दबाव र प्रधानमन्त्री प्रचण्डको सहमतिमा यो सरुवा भएको प्रहरी संगठन भित्रै चर्चाको विषय बनिरहेको छ ।

देउवाले दबाव दिएको दाबीलाई बल पुग्ने तथ्य यसअघि पनि सार्वजनिक भएको थियो । देउवा पत्नी एवम् कांग्रेस नेता आरजु राणा र भुटानी शरणार्थी प्रकरणमा संलग्न व्यक्तिबीच कुराकानी भएको अडियो प्रहरीले पुष्टि गरिसकेको छ । तर आरजुलाई अनुसन्धानको घेरामा ल्याइएको थिएन । यस्तो बेला थप पीडितको जाहेरी लिदा आरजु तानिन सक्ने संभावना भएकैले उच्च प्रहरी अधिकारीहरुको सरुवा गरिएको भन्ने एमालेको आशंकालाई बल पुगेको छ ।

यदि तथ्य आशंका जस्तो नभएपनि सरकारको नियतमाथि भने गंभीर प्रश्न उठेकोछ । आमनागरिक र प्रतिपक्षी दलहरुमा समेत सरकारले निष्पक्ष छानबीन गरिरहेको छैन भन्ने पर्न गएको छ । त्यसैपनि अवैध सुन बरामद प्रकरणमा सरकारले सिआइविलाई अनुसन्धान गर्न दिएको जिम्मा पनि प्रभावित बनेको छ । सिआइविले सानालाई समाउने र ठूलालाई घरमा बयान लिने कार्यलाई आम नेपालीले अनुसन्धान प्रक्रियामैं प्रश्न उठाउन थालिएको छ । यही बीचमा एमालेले उठाउँदै आएको उच्चस्तरिय छानवीन आयोग बनाउन सरकार सहमत भएसँग जारी संसदीय गतिरोधको अन्त्य हुँदैछ ।

गृहमन्त्री नारायणकाजी श्रेष्ठको राजीनामा मागेर एमालेले उच्च स्तरीय छानबीन आयोग गठनको माग राखेको थियो । त्यस्तै बेला अर्को प्रकरणको छानबीन गर्ने प्रहरीका उच्च अधिकारीहरुको सरुवा ले आशंकालाई बल पुगेको छ । त्यति मात्रै नभएर सुशासनप्रति सर कारको निष्पक्षतामाथि समेत प्रश्न उठेको छ । दोषीलाई कानूनी कठ घरामा उभ्याउने नभएर आफ्नोलाई जोगाएर सरकारले सुशासनको कमद चालिरहेको छ भन्ने सन्देश आम जनमानसमा जानुले सरकारप्रतिको आम विश्वासनीयता घटाइरहेको छ ।

**प्रधानन्यायाधीश .......**


न्यायाधीश, नेपाल सरकारी उच्च पदस्थ अधिकारीको उपस्थिति थियो । नेपालको संविधानको धारा १२९ को उपधारा २ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले सोमबार श्रेष्ठलाई प्रधानन्यायाधीश पदमा नियुक्त गरेका हुन् । संसदीय सुनुवाइ समितिले सोमबार नै प्रधानन्यायाधीशमा श्रेष्ठलाई सर्वसम्मत अनुमोदन गरेको थियो ।

विसं २०१६ असोज २० मा डोटी जिल्लामा जन्मिएका प्रधानन्यायाधीश श्रेष्ठ कैलालीको धनगढीमा स्थायी बसोबास रहेकोमा हाल काठमाडौंको कुलेश्वरमा बस्दै आएका छन् । श्रेष्ठ विसं २०८१ असोज १९ पछि अनिवार्य अवकाश हुनेछन् ।

**सिआइबिले .......**

कार्यालयको परिपत्र भन्दै समरजंग कम्पनीको नाममा रहेको राजकुलो र सरकारी जग्गामा मोही कायम हुने गरीनिर्णय भएको थियो । यो निर्णयको कारण धेरै सार्वजनिक, सरकारी र गुठी समेतका जग्गा हिनामिना भएको अधिकृतहरु बताउँछन् ।



५ माघ २०६९ मा मालपोत कार्यालय, डिल्लीबजारले ललिता निवासभित्र रहेको ६० आना जग्गा 'पशुपति टिकिन्छा गुठी'का नाममा दर्तागर्ने निर्णय गरेको थियो । डा. बाबुराम भट्टराई नेतृत्वको तत्कालीन मन्त्रिपरिषदले यसबारेमा सैद्धान्तिक स्वीकृति दिने निर्णय गरेको थियो । ललिता निवासमा बाँकी रहेको जग्गा हत्याउन भूमाफियाहरुले नक्कली गुठी खडा गरेर त्यसमा फर्जी मोही राखेर सरकारी जग्गाव्यक्तिको नाममा सारेको अधिकृतहरु बताउँछन् । यो प्रस्ताव मन्त्रिपरिषदमा पठाउन भूमिका खेलेको आरोपमा तत्कालीन मन्त्री विजयकुमार मच्छदार, चन्द्रदेव जोशी लगायत पनि मुछिनुभएको छ । सीआइबीले निर्णयकर्ता माधव नेपाल र बाबुराम भट्टराइलाई प्रतिवादी नबनाउन सुझाव दिएर सफाइ दिएको छ ।

निलकण्ठ नगरपालिकाको कार्यालय
धादिङ बेसी

चाउचाउ, बिस्कुट, चक्लेट, साबुन र किराना आइटमको थोक तथा खुद्रा बिक्रेता

चन्दन एण्ड नेहा जेनरल स्टोर्स बाल्मिकिनगर ४ जनकपुरधाम, नेपाल
सम्पर्क फोन: ९८४४०२९००२, ९८१६८९१२१६, ९८०१६२१३२९

सिन्धुलीका कुखुरापालक कृषकहरुमा खुशीको खबर !

हामीकहाँ ब्रोइलर,लेयर्स, हाँस, गाई, भैसी, बंगुर, माछा तथा बाखाको दाना पाउनुका साथै लोकल कुखुरा, लेयर्स, गिरिराज, कडकनाथ, बट्टाई,, टर्की र लौकाटको चल्लाहरु पाइन्छ । साथै कृषि सम्वन्धी विउ विजन तथा परामर्श सेबा पनि उपलव्ध गराइन्छ ।

सिद्धबाबा दाना चल्ला सप्लायर्स, सिन्धुली
कृषि उपज वजार, सिन्धुली फोन: ०४७:५२०६६१२ मरिण छाप: मोवाइल:९८४४०४५४००, ९८४४०४१०१०

# पुराना प्रधानाध्यापक विद्यालय आएपछि आएनन् विद्यार्थीहरू

**सिन्धुली**/मरिण गाउँपालिका २ सखौरीकी रुपा माझीका एक छोरा छोरी अहिले विद्यालय जाँन छाडेका छन्। कक्षा दुई र कक्षा आठमा पढ्ने विद्यार्थी हुन तर उनीहरू शुक्रबार देखि विद्यालय गएका छैनन् । बिहीबार दिउँसो ४ बजेसम्म श्री सृजनाशील आधारभूत विद्यालय सखौरीमा पढेर आएका छोरा र छोरी गएको शुक्रबारबाट विद्यालय जान मान्दैनन् रुपाले भनिन् ।

मैले उनीहरूलाई विद्यालय जान कर गरें तर उनीहरू एक जना सर आउनु भएको छ उहाँ छउन्जेल सम्म हामी विद्यालय जाँदैनौं भन्छन्, आजसम्म पनि विद्यालय गएका छैनन् उनले आफ्नो दुखेसो यसरी पोखिन् ।

मरिण गाउँपालिकाले शिक्षक खिल बहादुर गुर्मछानलाई गैर जिम्मेवारी पूर्ण व्यवहार र सामाजिक मर्यादा विपरीत कार्य गरेको भनी यस अघि अन्यन्त्रै सरुवा गरेको थियो तर पछि राजनैतिक पहुँचको आडमा विद्यालयमा पठाइएपछि विद्यार्थीहरूले विद्यालयमा पढाई नहुने र आफूहरू असुरक्षित हुने भन्दै विद्यालय जान नमान्ने गरेको उनको भनाई थियो ।

खिलबहादुर गुर्मछानलाई अन्यन्त्रै सरुवा गरेपछि विद्यालयमा विद्यार्थीको संख्या बढेको, शैक्षिक गुणस्तरमा समेत सुधार भएकोमा अव गुर्मछान सर आएपछि विद्यार्थीनैं विद्यालय आउन मान्दैनन् उनले भने । उनका कारणले धेरै विद्यार्थीले विद्यालय नआउने भएका छन् र बालबालिकालाई पढाउन समेत समस्या देखिएको छ ।

गीता माझीका दुई भाइ छोरा पनि श्री सृजनाशील आधारभूत विद्यालय सखौरीमा कक्षा दुई र कक्षा आठमा पढ्छन् ।

तर हिजो केही दिन अगाडिदेखीनैं उनीहरू विद्यालय आउन नमाने पछि विद्यालय पुग्नु भएकी माझीले शिक्षकको कारण बालबालिकामा परेको मनोवैज्ञानिक असरको समाधान कसले गरिदिने भन्ने चिन्ताले अहिले उनलाई सताउन थालेको छ ।



उनले भनिन्: "मेरा छोरा मात्र हैन गाउँका बालबालिकाहरू विद्यालय आएका छैनन्, खिलबहादुर सर विद्यालयमा छउन्जेलसम्म हामी पढ्न जाँदैनौ भनेर उनीहरू घरमा नैं बस्न थालेकाछन् । बालबालिकाको भविष्यमाथि खेलबाड कसैले नगरोस् उनीहरूको मनोविज्ञान अनुसार विद्यालयले पठाओस् ।"

विद्यालयका निमित्त प्रधानाध्यापक सुब्बा सिं बम्जनले विद्यालयमा ११७ जना विद्यार्थी रहेको बताए । तर आज विद्यालयमा ३०/३५ जना जति मात्रै विद्यार्थी विद्यालयमा आएका छन् । उनीसँग उपस्थित विद्यार्थीको कक्षागत रूपमा उपस्थिति माग गर्दा दिन आलटाल गरे। विद्यालयमा टिफिनको समयमा खेली रहेका २६ जना विद्यार्थी थिए। कक्षा ४ मा १० जना विद्यार्थी रहे को र ३ जना मात्र विद्यालय आएको एक विद्यार्थीले बताए । विद्यालयमा ११७ विद्यार्थी मध्ये २६ जना मात्र विद्यार्थी विद्यालयमा हाजिर हुनु र ९१ जना विद्यार्थीले शिक्षकलाई नैं बहिस्कार गरेको पाइएको छ ।

यता स्थानीय वकिलबहादुर ठाडा मगरले शिक्षकका केही कमी कमजोरी भएको बताए । तर कमी कमजोरीको आधारमा विद्यालयमा राजनीतिक पूर्वाग्रहका आधारमा विद्यालयमा विद्यार्थी नपठाइएको हुन सक्ने बताए । उनले भने: "मानिसबाट कमी कमजोरी हुन्छ तर सच्चिने र सुध्रने मौका पनि त दिनु पर्दछ होला, विद्यालयमा राजनीति गर्नु भन्दा विद्यालयलाई उत्कृष्ट बनाउनेमा सबै लाग्न आवश्यक छ।"

स्मरणीय छ: शिक्षक खिलबहादुर गुर्मछानलाई ०७९ भदौ २४ गते कारबाही स्वरूप गाउँपालिकाले श्री आधारभूत विद्यालय सालु भञ्ज्याङमा पठाएको स्थानीय चित्रबहादुर माझीले जानकारी दिए ।

फेरी गाउँपालिकाले उहाँलाई यस विद्यालयमा पठाएको सुन्नमा आएपछि साउन २३ गते मरिण गाउँपालिकालाई उनको सरुवा रोक्न माग गर्दै अभिभावकले निवेदन दिएकोमा गाउँपालिकाले यहाँको भावना विपरीत शिक्षक पठाएको बताए । आगामी आइतबार सम्म स्थानीय सरकारले यस समस्याको समाधान गर्न चासो नदेखाएमा विद्यार्थीहरूले स्वयम विद्यालयमा ताला लगाउने चेतावनी दिएका थिए ।

स्थानीयले यस अगाडिनैं पालिका अध्यक्षलाई सम्वोधन गरेर त्रापन पत्र बुझाउँदै आफ्ना मागहरु सम्बोधन गर्न माग गरेका थिए ।

## सामाजिक सञ्जाल

अनियमितता, सुशासन र परदर्शीताको विषयमा राजधानीका युट्युबर लाई भेला गराएर चर्का चर्का कुरा गर्ने संघीय माननीय राजन दाहाल अहिले आफ्नै पार्टीका नेता (आफ्नै गुटका) ले नेतृत्व गरेको मरिण गाउँपालिकाबाट भएका काम कारबाहीहरु आफुलाईनैं थाहा नहुने गरेको र बिल भपाई माग्दा उल्टै प्रमुख प्रशासकिय अधिकृतले थर्काउने गरेको भन्दै सिन्धुली कांग्रेस पार्टी कार्यालयमा गरेको पत्रकार सम्मेलन हेरेर के भनिरहनु भएको होला ? एमाले नेता केपी ओलीलाई विभिन्न विषयमा नाम जोडेर तल्लो स्तरको गालीमा आर्लिने माननीय दाहाल आफ्नै नेताले गरेको अनियमितता र भ्रष्टाचारमा किन मौन बसेका होलान ? अहिलेका अध्यक्ष भन्दा पानीराजनैं ठिक भनेर मरिणका मानिसहरुले भनिरहेका बेला त्यही पानीराजलाई मरिणका माओवादीले बहिस्कार गरिरहेकाछन् ।आफ्नै पार्टीमा भएको गुटबन्दीको त हल गर्न नसकेका उनले अन्य दलका नेताहरुको विरोध गर्नु वा आलोचना गर्नुको कुनै तुक छैन । अरुलाई प्रश्न उठाउनु भन्दा अगाडि आफैले नेतृत्व गरिरहेका पालिका हेरे पुग्छ ? ति पालिकाहरु सही रुपमा सञ्चालनमा छन् कि छैन ?

➢ **सञ्जिब माझी, कपिलाकोट ६ सिन्धुली**

मरिण गाउँपालिकाकी उपाध्यक्ष बिमला माझीले पत्रकारहरुमार्फत उठाएका विषयहरु सुन्दा सामान्य लागेपनि त्यसले सिंगो मरिण गाउँपालिका कसरी सञ्चालन भइरहेको छ र त्यहाँको आर्थिक पारदर्शिताको तह कस्तो रहेको छ भन्ने कुराको प्रष्ट चित्र सार्वजनिक गरेको छ । त्यसैले उहाँले उठाउनु भएको गतल कामलाई सच्याएर अगाडि नबढे मरिण गाउँपालिकामा बेथितीको चाङनैं खडा हुनेछ ॥

➢ **बिवेक माझी मरिण गाउँपालिका**

नक्कली भुटानी शरणार्थी काण्ड आयो, भाउजुको नामपछि सामसुम पारियो । थप छानविन हुने भएपछि छानविनमा संलग्न कमाण्डरलाई नै कार्वाही गरियो । अरुमाथि पनि कार्वाहीको डण्डा चलाउने अन्तिम तयारी छ । केपी ओली नेतृत्वको सरकारले उजागर गरेको ललिता निवासको सरकारी जग्गा हिनामिनामा संलग्न मुख्य निर्णयकर्ता माधव नेपाल र बाबुराम भट्टराईको नाम आयो । गठबन्धनका नेताले गरेको पनि अपराध हुन्छ र ? त्यो त नियत खराव छैन, गर्न पाइन्छ भन्दै बयानसमेत लिन सिआइवीलाई रोकियो । आदेश पालक बनेको कारण सिआइवी प्रमुखलाई पुरस्कृत गरेर इमान्दारीपुर्वक छानविन गर्नेमाथि कार्वाहीको डण्डा चलाइयो । सुन तस्करी काण्डमा माओवादीकै बरिष्ठ नेतादेखि प्रधानमन्त्रीकै परिवारको सदस्यको नाम आयो । अव छानविन होइन, सामसुम पार्न न्वारानदेखिको बल लगाइरहेका छन सत्ताधारीहरु । यो सरकारको प्रधानमन्त्री र गृहमन्त्रीले खोक्ने गरेको तथाकथित 'सुशासन कायम र भ्रष्टाचारबिरोधी अभियान' र फायल खोल्ने भनेको त अपराधीलाई जोगाउन र निर्दोषलाई फसाउन पो रैछ । ब्यवहारमै प्रमाणित भएन र ? कि अझै भ्रम बाँकी छ ? यसो भन्दा तस्कर, भ्रष्टाचारी, कमिशनखोरहरुलाई रिस उठछ भने उठिरहोस, सत्य कुरा बोल्न छाडिन्न ।

➢ **प्रशन्न शर्मा, सिन्धुलीमाढी**

बोलेको कुरा लागू गर्नुस् कमरेड प्रचण्ड । दृढतापूर्वक लागू होस् । हिजो जनतालाई समाजबाद र साम्यवादको सपना देखाउने अनि कहिले रक्सी काण्ड, कहिले सुन काण्ड तिर जोडीने, यस्ता माओवादी नेता हुन सक्दैनन् । छानबिन गरेर अपराधी प्रमाणित भए एक एक गरेर जेल हाल्नु पर्छ । भ्रस्टाचारि, ब्यभिचारी, दलाल, घुसखोरी, स्त्रीलम्पटहरु माओवादी हुन सक्दैनन् । पार्टी र देश बनाउने भन्दा अरु बिकल्प छैन तपाइँ सँग !

➢ **हिरा सुनुवार**

अधिकारबादी अभियान्ता र संघ सस्थाको नाममा नेपालमा शान्ति प्रक्रियामा तगरो हाल्ने डलर एजेन्टहरु नेपाल लाई फेरि अशान्ति र दन्दतिर लाने प्रयत्नको भन्डाफोर गरौ ! यी विविध रुपको दलाल हरु सुसासन, समृद्धि र सामाजिक न्यायको वास्तविक बिरोधी हो । बहस गरौ !

➢ **प्रकाश श्रेष्ठ, नेता माओवादी केन्द्र**

यि सरकार चलाउनेहरूको मूखमा राम राम बगलिमा छुरा भयो कि ? केही हूनेवाला छैन म कुटेको जस्तो गर्छु तँ रोको जस्तो गर है भन्ने ति नैं छन् । यो कहिले छानबिन पनि हुँदैन भए पनि सहि र सत्यको पत्तो हुने वाला छैन । काग कराउदै गर्छ पिना सुक्दै जान्छ । दाजु हजुर जति कर्रा पनि हुनेवाला केही छैन ।

➢ **शर्मिला माझी मरिण**

खबर हाम्रो, फैसला तपाईको: पलपलको खबरका लागि
प्रदेशखबर www.epradeshkhabar.com
Email: sandeshjanapriya@gmail.com

ताजा दुध, दही, घिउ पनिर र खुवाका लागि हामीलाई संझनुहोस ।

कमलामाई डेरी प्रा.लि सिन्धुली
माझीटार, सिन्धुली (शिक्षा समन्वय कार्यालयसंगै) PHONE NO.- 9843354289

एउटा अधाएको व्यक्तले भोको मानिसको आवश्यक्तालाई कहिल्यै बुझ्न सक्तैन । - कार्ल माक्स

## सम्पादकीय

# कोर्ष करेक्सनको मार्ग खोल

कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सांसदहरुको नाराबाजीबीच विश्वासको मत लिए । त्यस क्रममा भएको मत विभाजनमा थापाको पक्षमा ४७ र विपक्षमा ३० मत परेको छ । यसरी मुख्यमन्त्री थापाले विश्वासको मत लिदा सत्ता गठबन्धनले सभाको अध्यक्ष गरेका इस्त्राइल मन्सुरीलाई समेत मत गर्न लगाएर संविधानकै खिल्ली उडाए । सभामुख बाबुराम गौतमले राजीनामा दिएको, उपसभामुख सृजना दनुवारसहित आठ जना जेष्ठ सांसदले विदा लिएपछि नेपाली कांग्रेसका सांसद मन्सुरले सभाको अध्यक्षता गरेका थिए ।

सभाध्यक्षले समेत मुख्यमन्त्रीलाई विश्वासको मत दिएकाले एमाले का सांसदहरुले प्रदेशसभामा नाराबाजी गरेका थिए । तर एमालेको नाराबाजीबीच मन्सुरले आफूले दिएको समेत मत जोडेर मुख्यमन्त्री थापाले विश्वासको मत लिएको घोषणा गरिदिए ।

सत्तारुढ नेताहरुले एमालेबाट निर्वाचित उपसभामुख दनुवारको कारणले यस्तो परिस्थिति आइलागेको बताएका छन् । उनीहरुले मन्सुरले संविधान बमोजिम मत दिएको पनि तर्क गरेका छन् । तर एमालेले सत्ता गठबन्धनबाट असंवैधानिक कदम चालिएको भन्दै अदालत जाने बताएको छ । यसअघि पनि मुख्यमन्त्री थापाविरुद्ध एमाले सर्वोच्च अदालत गएको थियो । सर्वोच्चले सरकार निर्माण प्रक्रियामा सभामुखको भूमिका असंवैधानिक हुने ठहर गरेको थियो । तर सत्ता गठबन्धनले जसरी पनि सत्ताको नेतृत्व लिन सर्वोच्चले दिएको आदेशको पालना गरेन । किनकि संविधानको धारा १८६ ले समेत सभाध्यक्ष गर्ने व्यक्तिलाई कुनै प्रस्ताव उपर बराबर मत नभएको अवस्थामा मत दिने अधिकार दिएको छैन । तर सत्तालाई एक मात्रै उद्देश्य बनाएको गठबन्धनले संविधानको व्यवस्था र सर्वोच्चको आदेश बिपरीत मन्सुरलाई मत दिन लगाएका छन् ।

कोशीमा गरिएको यस्तो अभ्यासले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड सामेल सत्ता गठबन्धन संविधानप्रति संवेदनशील नरहेको सन्देश दिएको छ । जबकी प्रतिनिधिसभा विघटन गर्ने एमाले अध्यक्ष केपी शर्मा ओलीले संबिधान मिचेको आरोप लगाउँदै सिंगो नेकपा विभाजन गरेका प्रचण्डले आफु प्रधानमन्त्री बन्नकै लागि यो सत्ता गठबन्धन बनेको तथ्य कहिं लुकेको छैन । अनि सत्तारुढ गठबन्धनका नेताहरुले पनि आफूलाई संविधान, लोकतन्त्र र संसदीय गरिमा जोगाउने शक्ति फलाक्दै आएकाहरु त्यसविपरीत गतिविधि प्रचण्डले संविधानको खिल्ली मात्रै उडाएका छैनन् उनी देश र जनताप्रति कुन हदसम्म गैरजिम्मेवार छन् भन्ने पुष्टि कोशी प्रदेशसभामा देखिएको दुई पटकका दृष्यले पुष्टि गर्छ । त्यसैले हामी सबैले एकै साथ भन्नै पर्ने भएको छः सत्ताका निम्ति संविधान कुल्चन हरदम तयार रहने गठबन्धन सरकारको अब सत्तामा बस्ने नैतिक धरातल र औचित्य सकिएको छ । त्यसैले केपी ओलीले जस्तै सत्ता छोडेर कोर्स करेक्सनको मार्ग प्रशस्त गरिनु पर्दछ ।

# लोग्नेले बढी माया गरेको भन्दै पत्नीले मागिन् डिभोर्स

पति पत्नीबीच झगडा हुँदा, मन नमिल्दा तथा पतिले राम्रोसँग पालन पोषण नगर्दा पति पत्नीबीच डिभोर्स हुने गरेको त थाहा भएकै कुरा हो ।

तर यो दुनियामा केही महिला यस्ता पनि हुँदा रहेछन् जसले लोग्नेले बढि माया गर्दा पनि डिभोर्स माग्दा रहेछन् ।

पत्यारै नलाग्ने यो घटना युएइको हो। ती महिलाले आफ्नो लोग्नेसँग डिभोर्स माग्दा यस्तो कारण उल्लेख गरेकी छिन् कि त्यो सुन्दैमा अनौठो लाग्दछ । लोग्नेले आफुलाई आवश्यकता भन्दा धेरै माया गरेको उनको आरोप छ ।

एक वर्षअघि विवाह गरेकी ती महिलाले हालै अदालतमा डिभोर्सका लागि निवेदन दिइन् । लोग्नेले आफुलाई चाहिने भन्दा धेरै प्रेम गरेको र आफुलाई बढि प्रेम मन नपर्ने उनको तर्क छ ।

अदालतमा भएको बहसका क्रममा उनले इजलासमा भनेकी छिन्

मेरो पति न त म संग झगडा गर्छन्, न त मलाई कहिल्यै चिन्तित हुन दिन्छन् । लोग्नेले आफुलाई अत्यन्तै धेरै माया गए गर्दा म वाक्क भएँ र प्रेमकै कारण मेरो जिवन नर्क बन्यो। त्यसैले मैले डिभोर्स गर्ने निर्णय गरेकी हुँ' लोग्नेको अत्यधिक प्रेम र स्नेहबाट आफु प्रताडित भएको उनको भनाई छ ।

विहे भएको एक वर्षमा एकपटक पनि झगडा हुन नपाएको उनले बताएकी छिन् ।

# संसदीय भासबाट निस्कन नसकेका नेपाली कम्युनिष्टहरु

**□ दिपा भण्डारी**

**कम्युनिष्ट पार्टीभित्र बेलाबखत फुट र जुट हुनुको कारण पनि कम्युनिष्ट पार्टीभित्र देखिएको खोटो विचार नैं हो । सिद्धान्त र विचारभन्दा पद र सत्ता प्यारो हुँदा, सिद्धान्त र विचारलाई बन्धक राखेर राजनीतिक गतिविधि गर्दा र कम्युनिष्ट पार्टीले क्रान्तिकारी बाटो छोडेर अवसरवादी र संशोधनवादी बाटो अपनाउँदा कम्युनिष्ट पार्टी भित्र लामा लामा विवादहरु हुने गरेको र त्यो विवाद उत्कर्षमा पुगेपछि धुजा धुजा भएको पछिल्लो उदाहरण ओली–प्रचण्ड र माधव नेपालनैं काफी छन् ।**

भनिन्छः कम्युनिष्टहरू संसदीय पुँजीवादी सत्ताको भासमा पर्नु हुँदैन । जनयुद्धको शुरुवाती समयदेखी अहिले सत्ताको बागडोर सम्हाल्दा पनि जनयुद्धका सुप्रिमो प्रचण्डले आफ्नो आन्तरिक राजनैतिक प्रशिक्षणमा त्यही कुरा दोहोऱ्याई रहन्छन् । तर उनीमा बोली र व्यवहारका बीचमा कहिल्यै तालमेल भएन अर्थात दुबैको कहिल्यै भेट भएन । त्यही कारण नेपाली राजनीतिका प्रचण्ड लहड र हौसाइमा लाग्दा कहिले आफ्नै आलोचनाको शिकार मात्रै भएका छैनन् दिल्लीको १२ बुँदेले धानेको प्राण जाने हो की भन्ने सन्देहसमेत पैदा गराउने गर्छ ।

अब भन्नै पर्छ नेपालका केही कम्युनिष्ट पार्टीहरू सत्तामा भुलेको भरमा आफैंले बोकेको र मान्दै आएको कम्युनिस्ट सिद्धान्त, विचार र नीति छोडेर भुल्नु उचित हुँदैन । पञ्चायत कालमासमेत जेल, नेलको वास्ता नगरी निरंकुश पञ्चायती व्यवस्था अन्त्यको निम्ति मात्र हो इन देशमा कम्युनिष्टहरूको सरकार स्थापना गर्न वर्गसंघर्षलाई जोड दिँदै आएका थिए । तर अहिले तीनै पार्टीहरु वर्ग संघर्षलाई भुल्न थालेका छन् । विषेशतः सामन्तहरुको संरक्षकको प्रतिकका रुपमा मानिएको राजसंस्थालाई ढाल्दै सामन्ती युगको अन्त्य भएको हुँकार गर्ने माओवादी हरुमा अहिले उत्पादन भइरहेका नव सामन्तहरुको भट्टी यति छिटो माओवादीलाई तहस नहस बनाई दियो । अझैं पनि उनीहरुमा कोर्स करेक्सनको मार्गचित्र देखिंदैन ।

कम्युनिष्ट पार्टीभित्र बेलाबखत फुट र जुट हुनुको कारण पनि कम्युनिष्ट पार्टीभित्र देखिएको खोटो विचार नैं हो । सिद्धान्त र विचारभन्दा पद र सत्ता प्यारो हुँदा, सिद्धान्त र विचार लाई बन्धक राखेर राजनीतिक गतिविधि गर्दा र कम्युनिष्ट पार्टीले क्रान्तिकारी बाटो छोडेर अवसरवादी र संशोधनवादी बाटो अपनाउँदा कम्युनिष्ट पार्टी भित्र लामा लामा विवादहरु हुने गरेको र त्यो विवाद उत्कर्षमा पुगेपछि धुजा धुजा भएको पछिल्लो उदाहरण ओली–प्रचण्ड र माधव नेपालनैं काफी छन् ।

विचार र सिद्धान्त भन्दा सत्ता स्वार्थले मिलेका ठूला कम्युनिष्ट पार्टीहरू अप्रत्यासित एक पनि भए । नेपाल कम्युनिष्ट पार्टी बनाई सरकारको नेतृत्व पनि गरे । उक्त दलले झन्डै दुईतिहाइ प्राप्त गरेको थियो । तर, त्यो सरकार वर्ष दिन नपुग्दै असफल भयो । त्यो पार्टी तीन टुक्रा भयो । एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीको यो हविगतलाई हेर्दा पुग्छ ।

लेखक र राजनीतिक विश्लेषकहरूले ठूला दलको कमजोरी अर्को दललाई मानेर सबै दललाई उही आँखाले हेर्नु मनासिब हुँदैन । पार्टी स्थापनाकाल देखि कम्युनिष्ट सिद्धान्त र विचार बोकी लागिरहेको दलको स्मरण नगर्नु कतिपय लेखक र राजनीतिक विश्लेषकहरूको कमजोरी हो । तुलनात्मक रुपमा कम्युनिष्ट पार्टी भित्रको संस्कार, संस्कृति, उठान बैठान र नेतृत्वको विकास एवम् हस्तान्तरण जस्ता विषयहरुमा भक्तपुरमा खुम्चिन पुगेको रोहित नेतृत्वको नेमकिपामा जिवित देखिन्छ। ठूलोबाट एकै साथ खुम्चिएको ने मकिपा जिल्लाको एउटा सानो भागलाई आफ्नो आधारक्षेत्रका रुपमा स्थापित गरेर नेपालका कम्युनिष्ट हरुलाई एउटा बलियो सन्देश दिइरहेको छ तर सत्तामा रमाइरहेका कम्युनिष्टहरु त्यसबाट पाठ सिक्ने पक्षमा कहिल्यै देखिएनन् ।

वर्ग विभाजित समाजमा सबै कुरा बर्गियनैं हुन्छन् भनेझैं अहिले लेखक पत्रकार र उच्च ओहदाका सरकारी गैरसरकारी कर्मचारीहरु दलगत स्वार्थका पछाडि लाग्दा कर्मचारीको सरुवा बढुवामा पनि संस्थागत निर्णयहरु हुन सकेनन् ।

जसरी शरणार्थी र सुनकाण्ड प्रकरणको अनुसन्धान गरिरहेका पाँच एआइजीलाई आफ्ना मान्छेलाई उन्मुक्ति दिने नाममा जिम्मेवारीबाट हटाउने कामहरु गरिए त्यसले कथित कम्युनिष्ट नेतृत्वको कठपूतली सरकारको भ्रष्टाचार विरोधी अभियानको मुकुण्डो उघारी दिएको छ । अपराधमा संलग्न भएका भनिएकाहरुलाई राजकीय शैलीमा घरमै बयान लिन पठाउने र आवाज बिहिनलाई कार्यकक्षबाट पक्राउ गर्न पठाउने सरकारी शैलीले सिंगो जनमतकै खिल्ली उडाइरहेको छ भन्ने सामान्य हेक्का राख्न सत्तारुढ दलको नेतृत्वले जरुरी देखिएको छ ।

यसरी हरेक क्षेत्र र पक्षमा वर्ग विभाजित भएको हामी पाउँछौं । विश्लेषकहरूले बुझ्नुपर्छ, स्वतन्त्र शासकहरूले दिशा निर्देश गर्न सक्दैनन् ।

# नेपाललाई असफल राष्ट्र बनाउँदै गठबन्धन दल

**□ कृष्ण गौतम**



हरेक सरकार मुलुक र जनताको आवश्यकता परिपूर्ति गर्नेतर्फ केन्द्रित हुनुपर्छ । सरकार प्रमुखको ध्यान जहिल्यै मुलुकको विकास र जनताको आवश्यकता पूर्ति गर्नेतर्फ चिन्तनशील भइरहनुपर्छ । देश बनाउन, देश जोगाउन र जनतालाई राहत दिन हरेक सरकार या सत्तासीन दलका नेता र मन्त्रीहरूको ध्यान दलगत र व्यक्तिगत स्वार्थ छोडेर अघि बढ्नुपर्छ ।

सरकार छोड्नु परेपछि जीवनको एक पाटो नै सकेको अनुभव गर्ने, सरकारको नेतृत्व गर्न पाएपछि सिद्धान्त र विचार छोड्ने र देशघाती र जनघाती सन्धि सम्झौता गरेर विदेशी खुसी पार्ने शासकहरूको दिमागकै चिरफार गर्नुपर्ने देखिन्छ । ठूलठूला दलका नेताहरू, राजनीतिक अनुभव भएका नेताहरू एकातिर स–साना कुरामा अल्झिएका छन् भने अर्कोतिर भ्रष्टाचार र अनियमितताको चक्करमा फसिरहेका छन् । देशको नेतृत्व गरेका शासक र नेताहरू काण्डै काण्डको घेरामा परेका छन् । काण्डै काण्डको घेराभन्दा बाहिर उनीहरू उम्कन सकेका छैनन् ।

देशमा बेथितिले ठाउँ पायो । 'एक वर्षमा २० प्रतिशतले बढ्यो अपराध', 'अवरूद्ध संसद्को आडमा सत्ता र प्रतिपक्षको आ-आफ्नै दाउ', 'टीकापुर नरसंहारमा माफी किन ?' 'यसकारण आर्थिक सङ्कट', 'भ्रष्टाचारी जोगाउनतिर सरकार', 'दाहाल-यादव सम्बन्धमा दरार' जस्ता विभिन्न पत्रपत्रिकाका शीर्षकहरूले देशमा बेथिति रहेको, बेथितिलाई बढावा दिएको थाहा हुन्छ ।

सत्ता पक्ष र प्रतिपक्षले अवरूद्ध संसद्बाट आ-आफ्नो राजनीतिक लाभ लिन खोजेको देखिन्छ । आर्थिक र सामाजिक अपराध बढ्नु, लागुऔषधका अपराध बढ्नु र आत्महत्याको संख्या बढ्नु के बेथितिका दृष्टान्त होइन ? यस्ता बेथिति अन्त्य गर्ने तर्फ सरकारी पहल खोइ ? सत्तारूढ दलका नेता तथा कार्यकर्ताहरूले बेथिति अन्त्य गर्न कुनै पाइला चालेनन् । अनि ती नै दलका नेता, मन्त्री तथा कार्यकर्ताहरू सुशासनको कुरा खोक्छन् ।

शासकहरूले मुलुकको अर्थतन्त्रमा सुधार भइरहेको फुकेका छन् । तर, वास्तविक अर्थतन्त्रमा सुधार भएको देखिँदैन । कृषि, व्यापार, पर्यटन, शिक्षा र स्वास्थ्यको क्षेत्रमा सुधार ल्याउने प्रयास भएको देखिँदैन । मुलुकलाई उँभो हुने गतिमा सरकारले लाने प्रयास गरेको छैन । मुलुकमा संवैधानिक व्यवस्थाको उल्लंघन भइरहेको छ ।

एउटै अपराधिक घटनामा कसैलाई उन्मुक्ति र कसैलाई सजाय दिइएको छ । यो भेद किन ? यसरी भेद ल्याउने सरकारले कसरी न्याय र समानताको पक्ष लिन्छ ? गणतन्त्रात्मक सरकारले लामो समय बितिसकेपछि पनि किन कुनै मौलिक काम गर्न सकेन ? के सरकारको काम बजेट बाँडफाँट गर्नु मात्र हो ? भएको बजेट बाँडफाँट त कुनै पनि सरकारले गर्न सक्छ । सरकारले जनतालाई परिवर्तनको अनुभूति हुने गरी काम गर्नुपर्ने हो, विकासको गति अघि बढाउनुपर्ने हो ।

शासकहरूको व्यवहारबाट जनता निरास छन् । राष्ट्रिय राजनीतिको निर्णायक भूमिका निर्वाह गर्नुपर्ने शासकहरू बेवारिसेझैं भएका छन् । उनीहरूलाई देश र जनताप्रति कुनै मतलब छैन । देश र जनताको सवालमा उठेका राष्ट्रिय मुद्दा सम्बोधन गर्नेतर्फ सरकारको ध्यान गएको छैन । संघीयताको माग गर्ने दलका नेताहरू नै संघीयताको मर्मविपरीतका गतिविधिमा लागेका छन् । संघीयता पक्षधर दलको उद्देश्य त्यसको अवधारणा लागु गर्न होइन पदमा पुग्ने या मन्त्री भएर लुट मच्चउनका लागि पाउने आशाले पनि संघीयता ल्याएको कुरा घटना क्रमले पुष्टि गर्दै छ ।

नेपालजस्तो कमजोर अर्थतन्त्र भएको देशमा महँगो संघीयता भारि भएको छ र सबैतिरबाट आवाज उठ्न थालेको छ, कि संघीयता खारेज गरौंला मूलुकले धान्न सकेन । यी सबै कामहरु अहिलेको सत्ता गठबन्धनबाट सिर्जना भइरहेको छ । अहिलेका सत्ताशिन नेताका गतिविधीले मुलुक तस्करीको मुख्य गन्तव्य बनिरहेको छ र त्यही कारढाले पनि देशको अर्थतन्त्र धान्न गाऱ्हो भइरहेको छ ।

सरकार संघीयताको अवधारणा र मर्म अनुसार कार्यान्वयन गर्नेतर्फ नलाग्दा, राजनीतिलाई पद र पैसाको आधार मान्दा र भ्रष्टाचारीहरूको संरक्षण गर्ने कार्यमा लाग्दा देशमा बेथिति बढ्दै गएको हो । यो बेथितिलाई पूर्णतः फाल्नुपर्छ । तसर्थ आफ्ना कमी कमजोरीलाई हटाउँदै आदर्शोन्मुख समाज स्थापना गर्नुतर्फ पहल थालिएन भने मूलुक ठूलै राजनैतिक दुर्घटनातर्फ मोडिने निश्चित छ ।




# मरिणकी उपाध्यक्षले गरिन आफ्नै गुनासो !

**सिन्धुली**/ मरिण गाउँपालिकाकी उपाध्यक्ष विमला माझीले विधि पद्धतिको कुरा उठाउँदा आफू अन्यायमा परेको सिन्धुलीमा एक सम्बाददाता सम्मेलन मार्फत बताएकी छन् । नेपाली काँग्रेसको कार्यालय बिपी भवनमा संवाददाता सम्मेलनको आयोजनागर्दै उनले सो कुरा बताएकी हुन् ।



नेपाली कांग्रेस सिन्धुलीका सभापति उपेन्द्रकुमार पोखरेललाई साक्षी राखेर भनिन्: "म जनताबाट निर्वाचित गाउँपालिका उपाध्यक्ष हुँ, म सँग धेरै जनताको जिज्ञासा र गुनासो आउने गर्दछ मैंले आफूलाई जानकारी नभएको गाउँपालिकाको गतिविधि र आगामी कार्यक्रमको बारेमा जानकारी लिन पाउनु पर्ने हो तर त्यसो भई रहेको छैन, गाउँपालिका विधि र पद्धतिमा चल्नु पर्दछ भन्ने मेरो मान्यता हा, तर अहिलेसम्म चल्दै चलने र मलाईनैं गुमराहमा राखियो ।"

गाउँपालिकामा निर्माण हुने भौतिक संरचना गुणस्तर बन्नु पर्दछ, छुट्ट्याएको बजेट र कायमको पारदर्शिता हुनु पर्दछ भनेर कुरा उठाउँदा पटक पटक आफूलाई प्रमुख प्रशासकीय अधिकृतले अपशब्द बोल्दै गाली गलौच गर्ने गरेको आरोपसमेत लगाईन् ।

उनले प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जीले भदौ १ गते जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा बसेको बैठकमा उपाध्यक्ष माझीले बिल, भरपाई भएर भुक्तानी भइसकेका कागजातहरू आफूले हेर्न पाउनु पर्ने विषय उठाएकै कारण अपशब्द बोलेको संवाददाताहरुका बीच आरोप लगाएकी थिइन् ।

उनले अगाडि भनिन्: जनताका गुनासा आएपछि आफूले सो बारेमा प्रमुख प्रशासकीय अधिकृतसँग जानकारी लिन खोज्दा गाउँपालिका उपाध्यक्षले यस विषयमा जानकारी लिन पाउने अधिकार नभएको र लिनु नैं पर्ने भए पनि कार्यविधि बनाउनु भन्ने, गैर जिम्मेवार तरिकाले प्रस्तुत भएको बताइन् ।

उनले संवाददाताहरु मार्फत गाउँपालिकामा आर्थिक प्रगति प्रतिवेदन, टेन्डर सम्झौता, सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयहरूको कार्यान्वयन अवस्थाका बारेमा बुझ्न प्रमाणित गर्ने आवश्यक कागजातसहितको सूचना माग गरेकी छन् ।

नेपाली काँग्रेस जिल्ला कार्य समिति, सिन्धुलीका सभापति उपेन्द्र कुमार पोखेलले अनुगमन तथा सुपरिवेक्षण, बजेट योजना तर्जुमा तथा मुल्य निर्धारण समिति र अन्यायमा परेका नागरिकलाई न्याय दिने न्यायिक समितिको संयोजक नै उपाध्यक्ष हुने भएकाले उहाँलाई आफ्नो पालिकाको आर्थिक पारदर्शिता हेर्न पाउनु पर्ने बताउनुभयो । प्रमुख प्रशासकीय अधिकृतले सूचनाको हकलाई नै बन्द गर्ने, गाउँपालिका र जनता प्रति जिम्मेवार उपाध्यक्षलाई अपशब्द बोल्ने, होच्याउने कार्य गरेको प्रति खेद प्रकट गर्दै नेपाली काँग्रेस उनले बोलेका शब्द फिर्ता नलिए कानुनी उपचारमा जाने बताएका थिए ।

बजेट विनियोजन, बजेट भाषण र योजनाको अनुगमन सबै उपाध्यक्षले गर्नु पर्दछ तर प्रमुख प्रशासकीय अधिकृतले स्थानीय सरकार संचालन ऐन विपरीत कार्य गरेकोमा नेपाली काँग्रेस घोर भर्त्सना गर्दछ सभापति पोखरेलले भने ।

## हामी करेक्सन गर्छौं: अध्यक्ष विमर्श मोक्तान

यसैबीच मरिण गाउँपालिकाका अध्यक्ष विमर्श मोक्तान प्रख्यातले गाउँपालिका उपाध्यक्ष बिमला माझीको संवाददाता सम्मेलनले आफु आश्चर्य चकित भएको बताएका छन् । हामीसँगको पटक पटकको छलफलमा सौहार्दपूर्ण कुराहरु भइरहेको र केही कमजोरी भए छलप गरेर जाऔं, मैंले के गर्नु पर्छ भनेर भनेकै छु, तर आज एक्कासी पत्रकार सम्मेलन गर्न पुग्नु भएको देख्दा चकित भएँ, उनले भने ।

उपाध्यक्षज्यू आफैंमा नराम्रो मान्छे होइन, उहाँ राम्रो हुनुहुन्छ तर अहिले उहाँलाई दबाबमा पारेर पार्टीका मान्छेले पत्रकार सम्मेलन गराउनेसम्मको काम गरियो, उनले भने । 'मैंले आजनैं सबै पालिकाका साथीहरुलाई उपाध्यक्षज्यूसँग समन्वय गरेर कात्रै विषयगत शाखाहरुको कामहरु अगाडि बढाउन निर्देशन दिइसकेको छु । विगतमा भएका भनिएका कमी कमजोरीहरु करेक्सन हुन्छ र केही असमझदारीहरु भए आपसी



छलफल र कुराकानीबाट समाधान हुन्छ, किनकी उहाँले उठाउनु भएका विषय बस्तु त्यस्ता ठूला र जतिल होइनन्' अध्यक्ष मोक्तानले भने ।



## डेंगी ज्वरो (Dengue Fever)

### परिचय


डेंगी ज्वरो अरु मौसमी ज्वरो जस्तै हो । डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ ।

### लामखुट्टेले टोक्ने समय

एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ ।

### लामखुट्टे वृद्धि विकास हुने स्थान

एडिज लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ, खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्यांकी आदिमा लगायत जुनसुकै पानी जम्ने भाँडा तथा स्थानहरु जस्तै छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो, आदिमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ ।



### लक्षणहरु

डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसँगै निम्न लक्षणहरु देखापर्छन् :

- बेस्सरी टाउको दुख्ने,
- आँखाको गेडी दुख्ने,
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने,
- शरीरमा विबिरा आउने,
- रिंगटा लाग्ने,
- वाकवाकि/ बान्ता हुने,

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरु देखापर्नु डेंगीको जटिल अवस्थामा हो ।

### डेंगी ज्वरोको उपचार

- डेंगी भाइरसबाट हुने भएकोले यसको खास उपचार छैन । यो आफै निको हुन्छ ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर ब्रुफिन, एस्प्रिन जस्ता दुखाई कम गर्ने औषधि नखाने,
- पानी तथा झोलिलो तथा पोषिलो खाने कुरा प्रशस्त मात्रामा खाने,
- पूर्ण रुपमा आराम गर्ने ।

डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ, डेंगी रोग भएका बालबालिका, बृद्धबृद्धा, दिर्घ रोगी र गर्भवतीहरुको बिशेष ध्यान दिनु पर्छ ।

### बच्ने उपाय

डेंगी ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्ने :

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पुरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने ।

### लामखुट्टेको वृद्धि विकास नियन्त्रण गर्ने:

- आफ्नो घर वरिपरी, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने, त्यस्तै भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरि बिसर्जन गर्ने,

**लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगी रोगबाट बच्ने मुख्य उपाय हो ।**

यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला ।

**कमलामाई नगरपालिकाको कार्यालय**
**स्वास्थ्य शाखा**

## दलित छोरी बुहारीलाई नि:शुल्क उच्च शिक्षा

सिन्धुलीको तीनपाटन गाउँपालिकाले दलित समुदायभित्रका छोरी बुहारीहरुलाई उच्च शिक्षा नि:शुल्क पढाउने निर्णय गरेको छ । सिन्धुलीमै पहिलो पटक बुहारीहरुको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न गाउँपालिकाको 'सासूको इच्छा, बुहारीलाई शिक्षा' कार्यक्रम अन्तर्गत निशुल्क पढाउने निर्णय गरिएको हो ।

तीनपाटन गाउँपालिकाको नयाँ आर्थिक बर्ष २०८०/८१ को गाउँसभा बाट दलित छोरी बुहारीलाई शिक्षामा जोड दिने उदेश्यले 'सासूको इच्छा, बुहारीलाई शिक्षा' भन्ने कार्याक्रम सन्चालन गरिने निर्णय गरिएको गाउँपालिकाका अध्यक्ष कर्ण बहादुर थापा मगरले बताउनु भएको छ । सो कार्यक्रमको लागि गाउँपालिकाले ४ लाख बजेट बिनियोज गरिएको अध्यक्ष मगरले जानकारी दिनुभयो ।

तीनपाटन गउँपालिका क्षेत्र भित्रका क्याम्पसमा स्नातक वा सोभन्दा माथिल्लो तहमा अध्ययन गरी रहेका र गर्न चाहने बुहारीहरुलाई क्याम्पसमा लाग्ने भर्ना शुल्क र मासीक शुल्क नलिने निर्णय गरीएको गाउँपालिकाका अध्यक्ष कर्ण बहादुर थापा मगरले बताउनु भएको छ ।

उहाँले भन्नुभयो "सासू र बुहारीको सम्बन्ध सुमधुर बनाउने हाम्रो उद्देश्य हो । आर्थिक स्थिती कमजोर भएर उच्च शिक्षा अध्ययनको लागि बिचमै छोड्नुपर्ने बाध्यताको अन्त्य गर्ने हुने आसा छ ।"

गाउँपालिकाको 'सासूको इच्छा, बुहारीलाई शिक्षा' कार्यक्रम बाट लाभ लिनका लागि बुहारी भए सासू वा छोरी भए आमाले आफ्नी बुहारी छोरीलाई स्नातक/स्नातकोत्तरतहको कुनै पनि वर्ष वा सेमेष्टरमा भर्ना गर्न स्वयंले क्याम्पसमा लैजानुपर्ने जनाएको छ ।

साथै महिला अभिभावक परिवारमा नभएमा एकासगोल परिवार भित्रका अन्य महिला नातेदारले पनि छोरी वा बुहारीलाई क्याम्पस भर्ना गर्न लैजान सक्नेछन् ।

अभिभावक समेत नभएमा सम्बन्धित वडाको महिला वडा सदस्यले कार्यक्रमबाट लाभ पाउने छोरी वा बुहारीलाई स्नातक र स्नातोत्तर तह अध्ययनका लागि क्याम्पसमा भर्ना गर्न लैजानु पर्ने छ । उक्त कार्यक्रमबाट लाभ लिनको लागि सम्बन्धीत ढाचाँमा आवेदन भर्नुपर्नेछ ।

त्यस्तै क्याम्पसले प्रकृया पूरा गरी भर्ना हुन आउने दलित समुदायभित्रका छोरी/बुहारीलाई भर्ना गर्ने व्यवस्था मिलाउने र अभिलेख प्रयोजनका लागि भर्ना हुँदाको फोटो अनिवार्य खिच्न गाउँपालिकाले आग्रह गरेको छ ।

सम्बन्धीत ढाचाँमा आवेदन दिएका दलित समुदायभित्रका छोरी/बुहारीको भर्ना शुल्क र मासिक शुल्क गाउँपालिकाको शिक्षा शाखा मार्फत निकासा गरिने बताइएको छ ।


सिन्धुलीमा होलसेल तथा खुद्रा मुल्यमा ताजा तरकारी पाइन्छ ।

बिवाह होस् वा पार्टी, पिकनिक होस् वा पुजाका लागि कतै जानैं पर्दैन । सिन्धुली जिल्लाकै उत्पादन हामी तपाईको घरमै ल्याइदिन्छौं ।



- विषादी प्रयोग नगरिएका सागसब्जी
- आलु, लसुन, प्याज, खुर्सानी, हरियो धनियां, टमाटर
- मोटरकोसा, बन्दा, काउली, ब्रोकाउली,कागती, दालहरू



राकेश तरकारी पसल, तरकारी बजार, सिन्धुली, फोन: ९८४४०९१९७७

# राजु प्रधान "हिमांशु" को कथा : अन्तर्कथा

अनिश्चितकालीन बन्दले हरियो पहाड दुब्लिएर पहेँलो हुँदै गएको झैँ लागिरहेको थियो उसलाई। ऊ जुलूस सकिएपछि सिधै घरतिर लाग्यो॥ बीच बाटोमा पुगेपछि के सोचेर हो कुन्नि ऊ फेरि फर्कियो। पानी पर्नथाल्यो। छाता बोक्न गाह्रो मानेको उसले कतै ओत नलाग्ने विचार गरेर सीधै चोर बाटो लाग्यो॥ पानी बाक्लो पर्न थाल्यो। त्यो बाटो भएर फटाफट हिँड्दै जाँदा उसले कतै ओत लाग्ने विचार गर्यो। उसले हिँडेको बाटो भएर आकृति बहिनीको घर पुग्छ भनेर थाहा थियो उसलाई॥ पानी झन् ओइरियो। उसले आकृति बहिनीको घरमा पुगेर ओत लाग्ने विचार गर्यो। हतारहतार ऊ त्यहाँनेर पुग्यो। फलामको गेटमा ताला थिएन। गेट खोलेर सिँढी उक्लियो र आकृति बहिनीको घरको ढोकाअघि उभियो ऊ। उसले कलबेलको स्वीच दबायो तर बजेन। बिजुली नभएकोले बेल नबजेको उसले सोच्यो। उसले ढोका ढकढकायो॥ भित्रबाट कुनै आवाज आएन। फेरि तीनचारचोटि ढकढकायो॥ तर ढोका खोलिएन।

"आकृति बहिनी" भनेर तीनचारपल्ट उसले बोलायो॥ र पनि कुनै उत्तर आएन। उसको आवाज सुनेर हो कि केले हो आकृति बहिनीको घरदेखि माथि भएको बिल्डिङको एउटा खिड्की खोलियो। त्यहाँबाट एउटी युवतीले उसलाई चियाई। पानी परेको परेकै थियो। ऊ चुपचाप त्यहाँ ओत लागिरहेको थियो। उसले फेरि एकपल्ट ढोका ढकढकाएर जोडले बोलायो- "आकृति बहिनी।" तर अहँ कुनै उत्तर आएन। उसले ढोकालाई ठेल्यो॥ ढोका बिस्तारै खोलियो॥ ढोका भित्र टाउको छिराएर दुईतीनचोटि "आकृति बहिनी" भनेर उसले बोलायो। तर भित्रबाट अहिले पनि कुनै आवाज आएन। भित्र पसेन ऊ। के सोचेर हो कोनि ऊ त्यहाँबाट फेरि पानीमा भिज्दै सिँढीबाट ओर्लियो। त्यसपछि उसले फलामको गेट बन्द गरिदियो॥ ऊ एकक्षण गेटनेर पानीमा भिज्दै उभिरह्यो। छाता ओढेर आएको एकजना केटोले छक्क परेर उसलाई हेर्दै गयो॥ ऊ पुनः बजारतिर लाग्यो॥ दोकानहरू सबै बन्द थिए। मानिसहरू त्यति हिँडेका थिएनन्। एकदुईजना मानिस भने जुलूस सकेर यताउता भुलिएपछि फर्कदै थिए। ऊ भिज्दै घरतिर लाग्यो।

उसले कति भन्यो, सम्झायो तर उनीहरू मानेनन्। उसका कुरा पटक्कै पत्याएनन् उनीहरूले। ऊ छक्क पर्यो। अहिले उसलाई आफ्नो कोही नभएको जस्तो लागिरहेको थियो। रिस भक्कु उठे पनि उसले केही गर्न सकिरहेको थिएन। उनीहरूले उसलाई कुटे, पिटे॥ उसले आफूले केही नगरेको भन्दा पनि मानेनन् उनीहरू॥ उसका आफन्तहरू चिन्तित थिए। के गरौँ ? कसो गरौँ ? कता जाऔँ ? कसलाई भनौँ ? जस्ता प्रश्नहरूले सताइरहेका थिए उसका आफन्तहरूलाई। उसलाई भने आफ्नो असहाय अवस्थामा ग्वाँग्वाँ रुन मन लागेको थियो॥ एकदमै असुरक्षित भएको अनुभव गरिरहेको थियो उसले॥ उनीहरूले घरीघरी उसलाई सोध्दै थिए। उनीहरूले अर्थात् पुलिसले सोधेका प्रश्नहरूको उत्तरमा ऊ बोलिरहेको थियो- "मलाई केही थाहा छैन। मेरो केही दोष छैन सर। मैले केही गरेको छुइनँ। म निर्दोष छु। प्लीज मलाई छोड्दिनुहोस्।"

लकअपभित्र चुपचाप थियो ऊ। पिसाब गन्हाएर बान्ता आएजस्तो लाग्दैथ्यो उसलाई। लकअपभित्र अरू कोही थिएन। हातले नाक छोपेर उभिएको थियो ऊ। ऊमाथि हत्याको आरोप लागेको थियो॥ उसलाई पुलिसले पक्रेर लकअपमा राखेको थियो॥ हो, ऊमाथि आकृति बहिनीको हत्याको आरोप लागेको थियो।

शनिवारको दिन आकृतिकी बहिनी नियति दिदीलाई भेट्न आउँदा आकृतिलाई पलङमा नै मृत अवस्थामा भेट्टाएकी थिई। आकृति घाँटी निमोठिएर मारिएकी थिई। आकृतिको हत्या भएको थियो। आकृतिको हत्याले सानो शहरमा एक प्रकारको त्रास फैलिएको थियो। झन् उसलाई पुलिसले त्यस हत्याको आरोपमा पक्रेको खबरले त सबै तीन छक्क परेका थिए।

आकृति एकजना उदयोन्मुख लेखिका। विवाहित नारी पनि। उसको लोग्ने कपिल विदेशमा कार्यरत थियो। एउटा कवितासङ्ग्रह र एउटा उपन्यास प्रकाशित गरेर तीद्वारा सुचर्चित भएकी लेखिकाको हत्याले साहित्य जगत् पनि शोकार्त भएको थियो। उसले पनि लेख्ने गर्थ्यो। तीनवटा पुस्तक प्रकाशित गरिसकेको थियो उसले पनि। ऊ ख्याति आर्जन गर्दै गरेको लेखकको समूहमा परिसकेको थियो। साहित्यको प्रायः सबै विधामा कलम चलाउने एकजना लेखकको रूपमा स्थापित भइसकेको थियो ऊ। धेरैचोटि गोष्ठीतिर आकृतिसित उसको भेट भएको थियो। एकजना लेखकले लेखिकाको हत्या गरिदिएकोले गर्दा साहित्यिक समूहमा त्यसको चर्चा झन् चलिरहेको थियो। लेखक पनि हत्यारा कसरी हुन सक्छ त्यसरी ? सबै छक्क परेका थिए। उसलाई पुलिसले शङ्कामा पक्रेको थियो। कारण आकृतिको हत्या भएको थियो अनि शुक्रबारको दिन ऊ पानी परेकोले आकृति बहिनीको घरमा ओत लाग्न पुगेको थियो। उसले धेरैचोटि "आकृति बहिनी" भनेर बोलाएको पनि थियो। त्यस दिन आकृति बहिनीको घरको ढोका पनि धेरैपल्ट ढकढकाएको थियो उसले। ढोका खुल्लै थियो। तर ऊ घरभित्र पसेन। पानीमा भिजेर आकृतिको घरनेर उसलाई उभेको धेरैले देखेका थिए। त्यसैको आधारमा ऊ पक्रा परेको थियो।

चार दिनपछि उसलाई जेल पठाइयो॥ उसका साहित्यिक मित्रहरू उसलाई भेट्न जाँदा ऊ ग्वाँग्वाँ रोएको थियो॥ आफूले कुनै कसूर नगरे पनि त्यसरी हत्याको आरोपमा पक्रा परेर थुनिएकोमा ऊभित्रको लेखकलाई सहिनसक्नु भइरहेको थियो॥ परिबन्धको शिकार भएर उसको मन क्षतविक्षत भएको थियो। यदि उसले आकृतिको हत्या गरेको होइन भने कसले गर्यो त आकृतिको हत्या ? यस्तो प्रश्नले धेरैको दिमागमा घोचिरहेको थियो।

ऊ र दिनेश नै आकृतिको हत्यामा संलग्न हुनसक्ने धेरै सम्भावना रहेको थियो। आकृतिसित दिनेशको गाढ़ा सम्बन्ध थियो॥ दिनेश आकृतिको घरमा आइबस्थ्यो। आकृतिको कुनै सन्तान भएको थिएन। घरमा आकृति र सासूमात्र हुन्थे। आकृतिको लोग्ने कपिल विदेशमा कार्यरत थियो॥ सासूको देहान्तपछि घरमा आकृति एकली भएकी थिई। बेलाबेलामा उसकी बहिनी नियति आउँथी र आकृतिसित बस्थी। नत्र आकृति एकलै हुन्थी। तर पुलिस दिनेशमाथि शङ्का गर्न अक्षम बन्यो। कारण आकृतिको हत्या हुनु ठीक एक हप्ताअघि दिनेशको मृत्यु भइसकेको थियो। यसैले ऊमाथि नै पुलिसको शङ्का गाढ़ा भएको थियो। तर आकृतिको हत्या उसले पनि गरेको थिएन। तर शङ्कामा पक्रा परेर ऊ जेलमा थुनिएको थियो॥ पुलिसी अनुसन्धान जारी थियो।

आकृतिको मृत शरीर चितामा जलेको देखेर आकृतिको लोग्ने कपिल धेरै रोएको थियो। मलामीहरूको मनै दुखाएको थियो उसको रुवाइले। उसले आकृतिलाई धेरै माया गर्दोरहेछ भनी छर्लङ्ग भएको थियो। मलामीहरू कुरा गर्दै थिए।

"अब त लेखकसित पनि डराउनुपने भयो।"

"डराउनु मात्र कहाँ! जोगिनुपर्ने भयो॥"

"लेखकले लेखिकाको हत्या गरेको घटना हाम्रो समाजमा पहिलोपल्ट घट्यो।"

"उपन्यास त दामी लेखेकी रहिछ त्यो बैनीले॥"

"यसो हेर्दा त ऊ सीधा छ जस्तो छ। कम्ती बोल्छ।"

"सीधा मान्छेको भित्री मन रहस्यमय हुन्छ॥ बुझ्नु साह्रो पर्छ। कम्ती बोल्ने मान्छेको भित्री मनसाय बुझ्नु झन् साह्रो हुन्छ।"

"कति राम्री थिई त्यो बैनी। बिचरी, त्यसरी मारिनुपर्छ भनेर के थाहा ? कस्तो भाग्य ! आफ्नै घरमा हत्या भयो।"

"खोइ के हुनु आँट्यो आँट्यो यस्तो?"

आकृतिको घरको ढोका र फलामको गेटमा ताला मारिएको थियो। त्यहाँ कोही बस्दैनथ्यो। बेलाबेलामा त्यहाँबाट युवती रोएकी आवाज सुनेका कुरा ग्रामवासीहरू गर्ने गर्थे॥ थाहा पाउनेहरू साँझ परेपछि त्यो बाटो भएर हिँड्दैनन् थिए। राम्री लेखिका आकृति भूतप्रेत भएको हल्ला गाउँभरि फिँजिएको थियो। धेरैपल्ट तर्साएको कुरा फैलिएको थियो। मान्छे जिउँदो छँदा चाटुँला र टोकुँलाझैँ गर्छ मान्छेले नै। तर त्यसरी मरेपछि मान्छे डराउन थाल्छ मान्छे नै। मरणपछि त डर पो रहेछ डरलाग्दो खलनायक।

एक दिन उता विदेशमा मध्य राति आकृतिको लोग्ने कपिल मातेर रुँदै कोठाभित्र बरबराइरहेको थियो॥ उसको ओठबाट अन्तर्कथा प्रकट हुँदै थियो।

"आकृति, तिमीबाट धोका पाउँछु भनेर मैले सपनामा पनि सोचेको थिइनँ। तिमीले मलाई भुलेर मेरो अनुपस्थितिमा कसरी त्यो दिनेशसित अवैध सम्बन्ध राख्न सकेकी? हँ? उफ्! म बौलाहाजस्तो भएको थिएँ। त्यो रात तिमीले मलाई जोडले अँगालेर "दिनेश, आइ लभ यू" नभन्नुपर्थ्यो आकृति ! म त तिम्रो पति कपिल हुँ। तर त्यो बिहीबार राति म कसरी दिनेश भएँ ? पतिलाई अँगालेर परपुरुषको नाम तिम्रो ओठबाट निस्कँदा तिम्रो पतिलाई कस्तो भयो होला ? उफ् ! त्यसपछि त'" आकृतिको लोग्ने कपिल धेरै बेर मातेर बरबराइरह्यो एकलै कोठाभित्र। वास्तवमा त्यो बिहीबार राति घटित धमिलो घटना उसका शब्दहरूबाट धेरै उघ्रिएको थियो।

लोग्ने कपिल विदेशमा छँदा आकृति दिनेशको सामीप्यमा पुगेकी थिई। दुवै धेरैपल्ट सिलगढ़ीको होटलमा एकसाथ बसेका थिए। दुवैमाझ अवैध प्रेम फक्रिसकेको थियो॥ यी दुईको सम्बन्ध थाहा पाउनेहरूले आकृतिको हत्या दिनेशले नै गरेको हो भनी सोचेका थिए। तर आकृतिको हत्या हुनु एक हप्ताअघि खोलामा दिनेशको लाश भेटिएको थियो। मातेर लड़ी मरेको ठानिएको थियो दिनेशलाई॥ तर पुलिसले भने हत्याको आशङ्का गरेको थियो॥ त्यसपछि आकृतिको हत्या भयो॥ उसको लोग्ने कपिल विदेशमा थियो॥ त्यसो भए साँच्चै उसले नै मारेको हो त आकृतिलाई ? रहस्य प्रगाढ़ भइसकेको समयमा त्यसरी आकृतिको लोग्ने कपिल विदेशमा मातेर रुँदै बरबराउँदा रहस्य बोतलजस्तो फुटेर सत्य त्यहाँबाट निस्किने कोशिशमा थियो। एउटा सत्य यस्तो निस्कियो- आकृतिको हत्या आकृतिको लोग्ने कपिलले गरेको थियो। तर ऊ विदेशबाट कहिले आयो र आकृतिको हत्या गर्यो ? त्यो कसैले थाहा नपाउनुमा अविश्वास लागे तापनि आकृतिको हत्यारा आकृतिकै लोग्ने कपिल थियो। तर कसरी अनि कतिबेला उसले त्यसरी यस्तो कुकर्म गर्यो ? के दिनेशलाई पनि उसैले मारेको थियो ? कपिलले मातेर रुँदै बोलेका शब्दहरूको आडमा अनुमान लगाउन सकिन्छ यसरी-

१. सायद उसले साथीहरू, कसै न कसैबाट दिनेश र आकृतिको अनैतिक सम्बन्धबारे थाहा पाएको थियो किंवा उसैले नै दुवैलाई एकसाथ भेटेको अथवा देखेको थियो र प्रतिशोधमा उसले त्यस्तो जघन्य अपराध गर्ने योजना बनायो।

२. आकृतिको लोग्ने कपिल छद्मभेषमा विदेशबाट आएपछि मताएर किंवा मातेको अवस्थामा भेटेर दिनेशलाई मारेर राति खोलामा फ्याँकिदिएको हुनुपर्छ। त्यसपछि कपिल कतै होटलतिरै बसेको हुनुपर्छ।

३. आकृतिको लोग्ने कपिलले छद्मभेषमा बिहीबार राति घरमा पसेर आकृतिलाई सरप्राइज दिएको हुनुपर्छ अनि त्यही राति रतिक्रियामा लीन भएको समयमा आकृतिले कपिललाई "दिनेश आइ लभ यू" भनेकीले कपिलले रिसको झोँकमा आकृतिको घाँटी निमोठेर हत्या गरी त्यहाँबाट कुलेलम ठोकेको हुनुपर्छ।

जे होस्, जसरी होस् तर दिनेश र आकृतिको हत्या अघिबाट परिकल्पित भएर गरिएको स्पष्ट भयो। पूर्व नियोजित हत्याको सूत्र आकृतिको लोग्ने कपिलको ओठबाट निस्किएको अन्तर्कथाले दिएको थियो।

ऊ भने अझै कारागारभित्रै थियो।

## सातको कविता

### अब म पढ्दिन

✍ अम्बिका कडेल

काकाले धेरै पढे,
मास्टर बने ।
मामाले धेरै पढे,
खरिदार बने,
छिमेकी दाइले धेरै पढे,
दोकान्दार बने ।
कसैमा खास,
बिशेषता देखिन,
अब म पढ्दिन ।
अहिलेसम्म त पढे नी ! तर
केही सिक्न सकिन ।
त्यसैले होला,
कहीं बिक्न सकिन ।
नेपालीका ह्रस्व दीर्घ,
कतै काम लागेन,
गणितका अनगिन्ती सुत्रहरु,
कतै काम लागेन ।
अंग्रेजीका एस्से, ग्रामर,
कतै काम लागेन ।
बढो मुस्किलले कटाएँ,
प्रमाण पत्र बनाएँ,
तर सीप बनाउन सकिन,
अब म पढ्दिन ।
पल्लो घरका दाइ,
पासपोर्ट बनाए,
आइएलएटिस पास गरे,
उडे, लाखौमा खेल्छन रे ।
उनैकी बहिनिले,
कोरीयन भाषा पढिन् ।
सर्वोत्कृष्ट अंक ल्याइन्,
पढ्न कमजोर थिइन,
भन्नुहुन्थ्यो सरले ।
अचेल खसोखास
स्टाटस हाल्छिन,
निकै खुशी देखिन्छिन् ।
कम त म पनि छैन,
अब म पढ्दिन ।
रुपियाँमा नबिक्ने
प्रमाणपत्र बनाउदिन,
सानो गासले म अघाउदिन,
अघाउने गास माग्दिन,
अब म पढ्दिन ।
धमिराले खाएका,
आमाका डिग्रि देखेको छु,
मुसाले गुड लगाएका,
बा का कागजपत्र देखेको छु,
ठेला गुडाउदा,
ठेला परेका,
हत्केला देखेको छु ।
जागिर खोज्दा नपाएका,
सुस्केरा सुनेको छु ।
ती सबथोकको,
मुकदर्शक म बन्दिन,
अब म पढ्दिन ।

## कुमार काफ्लेको लघुकथा: एउटा प्रेमको अन्त्य

एउटा किसानले खेतीपातीका साथसाथै बाख्रापालन पनि गरेको थियो। उसँग भएका दर्जन बोका बाख्रामध्ये काली बाख्रो र राते बोकोबीच कलिलो उमेरदेखि नै अगाध माया प्रेम बसेको थियो। जब उनीहरू पाठापाठी थिए, त्यतिबेला देखि नै सँगसँगै खाने, खेल्ने, उफ्रने र दौडने गर्दथे। चल्ने, जिस्किने, एकअर्कामाथि चढ्ने र चाट्ने गर्दथे। उनीहरूको चर्तीकला देखेर किसान आजित भएको थियो।

त्यसपछि रातेलाई भुइँमा लडाइयो र चारै खुट्टा समातेर बाँधियो। पीडा सहन नसकेर रोयो, चिच्यायो। उसको प्रजनन क्षमता नष्ट गरियो। पीडा र पीर दुवैले गर्दा रातेले केही दिन घाँस पानी राम्रोसँग खाएन, झोक्राएर बसिरह्यो। काली पनि अचम्म मानेर उसलाई हेरिरही। राते अब खसी बनिसकेको थियो। पहिलेको जस्तो चञ्चले बोको रहेन ऊ अब।

बाख्राहरूलाई भन्दा रातेलाई छुट्टै बस्ने खाने (राम्रो) व्यवस्था गरियो। बिस्तारै उसले पनि पीडा बिर्सिँदै गयो र हृष्टपुष्ट भयो। पहिलेभन्दा मोटायो। उसको बलिष्ठ ज्यान देखेर काली पनि हुरुक्क हुन्थी। केही समयपछि कालीले बोको खोजी। ऊ रातेले आफ्नो कुरा बुझ्न सकोस् भनेर ठूल्ठूलो स्वरले कराई, "म्यायाया म्यायाया"

प्रणयिनी कालीको प्रणय अनुरोधले रातेले घाँटीमा बाँधेको दाम्लो चुडाँउला झैँ गरि बल गर्यो तर उसको पुरुषत्व मरिसकेको थियो। आफ्नो अवस्था थाहा पाएर ऊ एकदम व्यथित भयो। उसकै आँखा अगाडि कालीलाई अर्कै बोकासँग लगेर लघारियो। सुखभोग र बंशवृद्धिमा भएको रोकावटले ऊ अत्यन्तै चिन्तित र विक्षिप्त भयो। रातेको त्यो चिन्ता र विक्षिप्तता धेरै बेर टिक्न पाएन। किनकि बलियो रातेलाई हेर्दै केही छिमेकीहरू जिब्रो मिठ्याउँदै जम्मा भइसकेका थिए। त्यहीबेला अगेनाबाट किसान चिच्याए," लौ पानी उम्लिसक्यो है, छिटो गरम् नत्र पानी जिम्लिन्छ।"




# राज्य विरोधी पत्रकारलाई रूस छोड्न आदेश

**एजेन्सी**/ रसियाले पोलिटिको युरोप संवाददाता र मस्को टाइम्सका पूर्व सम्पादक इभा हार्टोगलाई निष्कासन गरेको छ, पोलिटिको युरोपले मंगलवार रिपोर्ट गरेको छ।

रुसको विदेश मन्त्रालयले गत सोमबार हार्टोगलाई आफ्नो भिसा नबढाइने र रुस छोड्न ६ दिनको समय दिएको जानकारी दिएको थियो। मस्कोले हार्टोगको निष्कासनको कारणको बारेमा कुनै जानकारी उपलब्ध गराएको छैन, केवल यो भन्दै कि उनको भिसा नवीकरण अस्वीकार गर्ने र उनको प्रेस मान्यता पोलिटिकोमा हस्तान्तरण गर्ने निर्णय "सम्बन्धित अधिकारीहरू" द्वारा गरिएको थियो।

"धन्यबाद, इभा सुरक्षित छिन् र रूस छोड्न सक्षम छिन्," पोलिटिको युरोपका सम्पादक-इन-चीफ जमील एन्डरलिनीले हार्टोगको अन्तिम गन्तव्य खुलासा नगरी भने।

पोलिटिको युरोपका अनुसार मस्कोले २०२२ को सुरुमा युक्रेनमा पूर्ण मात्रामा आक्रमण गरेपछि रूसबाट निकालिने हार्टोग पहिलो विदेशी पत्रकार हुन्।

२०२१ मा रूसले बेलायतमा रूसी मिडिया विरुद्ध लन्डनको भेदभावको बदला लिन बीबीसी रिपोर्टर सारा रेन्सफोर्डलाई निष्कासन गर्‍यो। डच अखबार डे भोल्क्सक्रान्टका संवाददाता टम भेनिकलाई देश विरोधी गतिविधी गरेको र कानून उल्लंघनको आरोपमा महिनौं पछि निष्कासन गरेको थियो।

हार्टोगले सन २०१३ मा मस्को टाइम्स वेब सम्पादकको रूपमा



आफ्नो क्यारियर सुरु गरे र २०१७ मा सम्पादक-इन-चीफमा पदोन्नति भए। उनले पछि पोलिटिको युरोपमा स्थानान्तरण गर्नु अघि डच साप्ताहिक डे ग्रोइन एम्स्टरडामरको लागि पश्चिमा देशहरुको स्वार्थमा समाचार लेख्दै आएका थिए।

रूसको विदेश मन्त्रालयले रूसको राज्य प्रसारक र युद्ध समर्थक ब्लगरहरूलाई लक्षित गर्ने इयू प्रतिबन्धहरूको पछिल्लो चरण पछि ईयू पत्रकारहरू र ब्रसेल्सका कार्यकर्ताहरू दुवैतर्फ प्रतिक्रियाको आशा गरेका छन्।

हामी आशा गर्छौं कि इभा र पोलिटिको निकट भविष्यमा रूसी राजनीतिको हाम्रो तथ्यपरक र गैर-पक्षीय कभरेज जारी राख्न मस्को फर्कनेछन्। मुख्य सम्पादक एन्डर लिनीले भने। पछिल्लो समय मस्को टाइम्सले पश्चिमा खासगरी अमेरिकी आर्थिक सहयोगमा युक्रेनी सेनालाई फाइदा पुग्नेगरी रुस विरोधी समाचार र विचारहरु निरन्तर पस्किरहेका छन्, जसले गर्दा आम रसियालीहरुमा उनीहरु विरोधी धारणा बनिरहेको मिडिया रिपोर्टहरुमा उल्लेख गरिएको छ।

# किभको अफेन्सिभ तरिकाबाट अमेरिका निराश



**मस्को**/ फाइनान्सियल टाइम्सले रिपोर्ट गरेको छ कि युक्रेनले आफ्नो काउन्टर अफेन्सिभ गर्ने तरिकाबाट अमेरिकी अधिकारीहरू बढ्दो रूपमा निराश हुँदै गएका छन् र कीभले यो वर्ष कुनै उल्लेखनीय लाभहरू हासिल गर्न सक्षम हुनेछ कि छैन भन्नेमा सन्देह छ।

बेलायती दैनिकले दावी गर्‍यो कि अमेरिकाले युक्रेनलाई लामो फ्रन्टलाइनमा आफ्नो सेनालाई धेरै पातलो फैलाउनुको सट्टा जापोरोजे क्षेत्रमा आफ्नो धक्का दोब्बर गर्न आग्रह गरिरहेको छ।

मंगलवारको आफ्नो लेखमा, एफटीले आरोप लगाएको छ कि सहयोगीहरू बीच दरार बढ्न थालेको छ, युक्रेनका लागि थप रक्षा सहयोगको लागि कङ्ग्रेसको स्वीकृति सुरक्षित गर्ने अमेरिकी राष्ट्रपति जो बिडेनको क्षमतामा प्रश्न चिन्ह लगाइएको छ।

प्रतिवेदनका अनुसार वाशिंगटन र कीभले सुरुमा वसन्तमा सुरु हुने र गर्मीमा रुसी प्रतिरक्षा उल्लंघन गर्ने अपेक्षा गरेका थिए। युक्रेनी सेनाले नाटोको संयुक्त हतियार-युद्ध रणनीतिहरू प्रयोग गर्ने थियो जुन यसका सेनाहरूलाई पश्चिमी समर्थकहरूले सिकाएको थियो, अखबारले वर्णन गर्‍यो। यद्यपि, प्रारम्भिक अवरोधहरूको बीचमा, कीभका सेनाहरू पुरानो रणनीतिहरूमा फर्किए- धेरै वाशिंगटनका अधिकारीहरूको असन्तुष्टिमा।

युक्रेनी सेनाले हालसालै गरेको सानो लाभको बावजुद, अमेरिकी राजधानीमा अझै धेरै अधिकारीहरूले निजी रूपमा अर्को वर्षसम्म राम्रोसँग चल्ने युद्धको युद्धको लागि तयारी गरिरहेका छन्, एफटीले आरोप लगायो।

दुई देशहरू बीचको विवादको प्रमुख हड्डी कथित रूपमा किभले आफ्नो सेना तैनाथ गरेको छ। अमेरिकी अधिकारीहरूले युक्रेनलाई कम जोखिम-प्रतिरोधी हुन र आफ्नो सेनालाई दक्षिणमा काउन्टर अफेन्सिभको मुख्य अक्षमा पूर्ण रूपमा प्रतिबद्ध हुन प्रोत्साहित गरेका छन्, कागजले लेखेको छ।

अमेरिकीहरूले यसलाई एकमात्र व्यवहार्य विकल्पको रूपमा हेर्छन् जसले किभलाई क्राइमियामा मस्कोको ल्यान्ड ब्रिज काटेर सम्भावित रूपमा ठूलो सफलता ल्याउन सक्छ, मिडिया आउटलेटले दाबी गर्‍यो।

तथापि, किभले आफ्नो करिब आधा सेना पूर्वमा राखेको छ रणनीतिक शहर आर्ट्योमोभस्क (युक्रेनमा बाख्मुट भनेर चिनिन्छ) लाई पुनः कब्जा गर्नको लागि जुन पीएमसी वाग्नर समूहले महिनौंको भीषण लडाई पछि मेमा कब्जा गरेको थियो।

युक्रेनका लागि र रसियासँग शान्ति वार्ताका लागि अमेरिकी सहायतामा कटौती गर्न आह्वान गर्ने अधिक र अधिक प्रख्यात रिपब्लिकनहरूसँग, यस महिनाको सुरुमा सिएनएनद्वारा गरिएको सर्वेक्षणले संकेत गर्दछ कि अमेरिकीहरूले अब कांग्रेसबाट युक्रेनको लागि थप कोषको विरोध गर्छन्।

आइतबार पनि, वाशिंगटन पोस्टले दावी गर्‍यो कि युक्रेनी काउन्टर अफेन्सिभले ठप्प हुने संकेतहरू देखाउँदैछ, र थपे कि किभको अवसरको झ्याल प्रतिकूल मौसम अवस्था आउनु अघि घट्दै गइरहेको छ।

रुसी रक्षा मन्त्रालयका अनुसार चलिरहेको धक्काले युक्रेनका ४३,००० सैनिक र करिब ५,००० सैन्य हार्डवेयर खर्च गरिसकेको छ।

यसैबीच फाइनान्सियल टाइम्सले रिपोर्ट गरेको छ कि युक्रेनले आफ्नो काउन्टर अफेन्सिभ गर्ने तरिकाबाट अमेरिकी अधिकारीहरू बढ्दो रूपमा निराश हुँदै गएका छन् र कीभले यो वर्ष कुनै उल्लेखनीय लाभहरू हासिल गर्न सक्षम हुनेछ कि छैन भन्नेमा सन्देह छ।

बेलायती दैनिकले दावी गर्‍यो कि अमेरिकाले युक्रेनलाई लामो फ्रन्टलाइनमा आफ्नो सेनालाई धेरै पातलो फैलाउनुको सट्टा जापोरोजे क्षेत्रमा आक्रमण दोब्बर गर्न आग्रह गरिरहेको छ।

आइतवारको आफ्नो लेखमा, एफटीले आरोप लगाएको छ कि सहयोगीहरू बीच दरार बढ्न थालेको छ, युक्रेनका लागि थप रक्षा सहयोगको लागि कांग्रेसको स्वीकृति सुरक्षित गर्ने अमेरिकी राष्ट्रपति जो बिडेनको क्षमतामा प्रश्न चिन्ह लगाइएको छ।

प्रतिवेदनका अनुसार वाशिंगटन र कीभले सुरुमा वसन्तमा सुरु हुने र गर्मीमा रुसी प्रतिरक्षा उल्लंघन गर्ने अपेक्षा गरेका थिए। युक्रेनी सेनाले नाटोको संयुक्त हतियार-युद्ध रणनीतिहरू प्रयोग गर्ने थियो जुन यसका सेनाहरूलाई पश्चिमी समर्थकहरूले सिकाएको थियो, अखबारले वर्णन गर्‍यो। यद्यपि, प्रारम्भिक अवरोधहरूको बीचमा, कीभका सेनाहरू पुरानो रणनीतिहरूमा फर्किए- धेरै वाशिंगटनका अधिकारीहरूको असन्तुष्टिमा।

युक्रेनी सेनाले हालसालै गरेको सानो लाभको बावजुद, अमेरिकी राजधानीमा अझै धेरै अधिकारीहरूले निजी रूपमा अर्को वर्षसम्म राम्रोसँग चल्ने युद्धको युद्धको लागि तयारी गरिरहेका छन्, एफटीले आरोप लगायो।

दुई देशहरू बीचको विवादको प्रमुख हड्डी कथित रूपमा किभले आफ्नो सेना तैनाथ गरेको छ। अमेरिकी अधिकारीहरूले युक्रेनलाई कम जोखिम-प्रतिरोधी हुन र आफ्नो सेनालाई दक्षिणमा काउन्टर अफेन्सिभको मुख्य अक्षमा पूर्ण रूपमा प्रतिबद्ध हुन प्रोत्साहित गरेका छन्," कागजले लेखेको छ। अमेरिकीहरूले यसलाई एकमात्र व्यवहार्य विकल्पको रूपमा हेर्छन् जसले किभलाई क्राइमियामा मस्कोको ल्यान्ड ब्रिज काटेर सम्भावित रूपमा ठूलो सफलता ल्याउन सक्छ, मिडिया आउटलेटले दाबी गर्‍यो। तथापि, किभले आफ्नो करिब आधा सेना पूर्वमा राखेको छ रणनीतिक शहर आर्ट्योमोभस्क (युक्रेनमा बाख्मुट भनेर चिनिन्छ) लाई पुनः कब्जा गर्नको लागि जुन पीएमसी वाग्नर समूहले महिनौंको भीषण लडाई पछि मेमा कब्जा गरेको थियो।

युक्रेनका लागि र रसियासँग शान्ति वार्ताका लागि अमेरिकी सहायतामा कटौती गर्न आह्वान गर्ने अधिक र अधिक प्रख्यात रिपब्लिकनहरूसँग, यस महिनाको सुरुमा ऋल्ल द्वारा गरिएको सर्वेक्षणले संकेत गर्दछ कि ५५% अमेरिकीहरूले अब कांग्रेसबाट युक्रेनको लागि थप कोषको विरोध गर्छन्।

आइतबार पनि, वाशिंगटन पोस्टले दावी गर्‍यो कि युक्रेनी काउन्टर अफेन्सिभले ठप्प हुने संकेतहरू देखाउँदैछ, र किभको अवसरको झ्याल प्रतिकूल मौसम अवस्था आउनु अघि घट्दै गइरहेको छ। रुसी रक्षा मन्त्रालयका अनुसार चलिरहेको धक्काले युक्रेनका ४३,००० सैनिक र करिब ५,००० सैन्य हार्डवेयर खर्च गरिसकेको छ।

## फरक कुरा



□ राजेश बस्नेत

# जनताबाट बिमुख सरकार

सरकारमा देशभित्र रहेरै केही गर्नुपर्छ भन्ने देशभक्तिको भावना हुनुपर्छ। नेपाली जनतालाई आफ्नो मातृभूमिप्रतिको कर्तव्यबोध गराउने दायित्व पनि सरकारको हो। तर, सरकारले न देशमा केही गरेर देखाउने सुरसार छ न त जनतालाई देशभक्तिको भावनाको विकास गरेर विश्वास जित्ने काम नै गरेको छ। यसरी देशमा जनता र सरकारको विश्वासको खाडल गहिरिँदै गएको छ। यस कार्यमा सरकार सफल भएको देखिँदैन। सरकारको रवैयाले नेपाली जनतामा आशा र विश्वासमा खिया लागेको छ। सत्तासीन दलका नेता र मन्त्रीहरूले देश र देशवासीको हितभन्दा निजी र दलीय हितमा राज्य सञ्चालन गरे। नेताहरूले आफूहरूलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको प्रमुख सम्झे। उनीहरूको नजरमा देशका प्रधानमन्त्री, शासक दलका नेताहरूलाई कानुन लाग्दैन या छुन्दैन भन्ने सामन्ती मानसिकता थियो। त्यही भएर नेताहरू आपराधिक क्रियाकलापमा मुछे पनि कारबाही हुँदैन।

संसद्मा सत्तापक्ष र प्रमुख विपक्ष भए पनि, सरकारको निम्ति यी दुई पक्षबिच हानथाप भए पनि भागबन्डामा, पुँजीपतिवर्गको स्वार्थमा, विदेशी राष्ट्रसँग देश र जनताको हितविपरीत सन्धि सम्झौता गर्दा र भ्रष्टाचारबाट मुक्त हुने विषयमा ती दलका नेताहरू मिल्छन् या एकै ठाउँमा उभिन्छन्। राज्यकै सर्वोच्च निकाय संवैधानिक परिषद् र न्यायपरिषद् पदाधिकारी छनोटमा समेत राजनीतिक सेटिङ र भागबन्डाको चर्चा भयो। यस्तो संवैधानिक परिषद र न्यायपरिषद जस्तो गरिमामय पदमा नैं भागबन्डा हुन्छ या राजनीतिक आस्थाको आधारमा चयन हुन्छ भने अनि जनताले कसरी न्याय पाउँछन्? अनि देशमा राजनीतिक अपराधका घटना दोहोरिँदैन? यसको लागि जनता जागरूक हुनुपर्छ। सरकार र प्रमुख विपक्षी दलले गर्दै आएका कुनै पनि आपराधिक, अमानवीय र अनियमित कार्यको जनताले चिरफार गर्नुपर्छ।

राजनीतिक विश्लेषकहरूका अनुसार अहिले देशमा एकपछि अर्को भ्रष्टाचार र अनियमितताको जालोमात्र होइन राजनीतिक अपराधको जालो बढ्दै छ। कुनै पनि अपराधीहरू राजनीतिक आडभरोसाको आधारमा सुरक्षित हुनु राम्रो लक्षण होइन। अपराधीहरूलाई संरक्षण गर्ने काम अपराधीहरूले होइन सत्तासीन दल र ठूला दलका नेताहरूबाटै भइरहेको छ। अपराधीहरू शासकहरूको छत्रछायामा रहेर देशमा सुशासनको परिकल्पना पनि गर्न सक्दैन। तस्कर, ठेकेदार र बिचौलियाहरू संगठितरूपमा आउनु प्रजातान्त्रिक मुलुकको निम्ति लज्जास्पद छ। देशमा राम्रो काम हुँदैन। सरकारले गर्ने कामको प्रशंसा गर्ने ठाउँ नै छैन। जहाँतहीं, जहिले पनि अपराधै अपराधका घटना सुन्नुपर्छ। चोरी चकारी हुन्छ। बेपत्ता पार्छ। अवैध कारोबार हुन्छ। मानव अङ्ग बेचिएको हुन्छ। महिला वेश्यालय पुऱ्याइएको हुन्छ। हत्या-हिंसा हुन्छ। भ्रष्टाचार, महँगी र अनियमितता हुन्छ। सुन काण्ड, भुटानी शरणार्थी र ललिता निवास काण्डको चर्चा सेलाएको छैन। महिला बेचबिखन हुन्छ। अपराधीलाई कारबाही गर्ने विभिन्न सरकारी निकाय छ। तर, सक्रिय हुँदैन या वास्ता गरिँदैन। सरकारले चाहेमा यस्ता कुनै पनि अपराधीहरूलाई कारबाही गर्न सक्छ या नियन्त्रण गर्न सक्छ। सरकारी निकायलाई सक्रिय बनाएर कारबाहीको प्रक्रिया अघि बढाउन सकिन्छ। तर, यो व्यवहारमा देखिएको छैन। सरकारले गरेको संकल्प पुरा गर्दैन। यसकारण, जनतामा निराशा बढेको हो, असन्तुष्टि उत्पन्न भएको हो। सरकारको यस्तै चालाले गर्दा प्रतिक्रियावादीहरूले टाउको उठाउन थालेका हुन्। यसरी भागबन्डामा टिकेको सरकार हरेकजसो काममा विफल भइरहेको छ। यो राम्रो संकेत होइन।

पत्रिका मागेर होइन साधैं
किनेर पढ्ने बानी बसालौं।
फोन: ९८५१२६७७२९
९८४४४३९३८३, ९७४२९२२७८४

सिन्धुलीका कृषकहरुका लागि खुशीको खबर

यहां गुणस्तरिय पशुपंक्षीको औषधी, कृषि विषादी, कृषि औजार, सिजन अनुसारको तरकारी बिउ बिजनहरुको होलसेल तथा खुद्रा मुल्यमा पाउनुका साथै प्राविधिक सल्लाह पनि दिइन्छ।






सिन्धुली भेट फार्मा





कमलामाई ६ स्टलबजार, सिन्धुली फोन: ०४७-५२०२१२ मोबाइल: ९८४४०४१०१५

# फिल्म 'लाइटर' निर्माण हुने




फिल्म 'लाइटर' निर्माण हुने भएको छ। निर्देशक राजु गिरीले अस्ट्रेलिया निवासी सरोज खनालसँग मिलेर यो फिल्म निर्देशन गर्न लागेका हुन् । निर्माण टिमले फिल्मको एक थिम पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरेको हो। राजुले थुप्रै फिल्म निर्देशन गरिसकेका छन् भने सरोज यसै फिल्मबाट निर्देशनमा डेब्यु गर्न लागेका हुन् ।

खनाल एसके प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्मको अहिले धमाधम प्रि-प्रोडक्सनको काम भइरहेको छ । मङ्सिर दोस्रो साताबाट फ्लोरमा जाने फिल्मका लागि अहिले कलाकार छनोटको काम भइरहेको छ । केही दिनमा फिल्मको मुख्य कलाकार र प्राविधिक टिम सार्वजनिक गर्ने तयारी निर्माण टिमको छ ।

एक दशक लामो समयदेखि मेलवर्नमा बस्दै आएका खनालले एसके फ्रेस प्रालीको सञ्चालन गर्दै आएका छन् । उनी व्यवसायका अलवा समाजसेवामा समेत सक्रिय छन् । देवेन्द्र खनाल निर्माता रहेको फिल्ममा मेघनाथ खनाल, बलराम बिष्ट, रचना केसी, सुमन गिरी, विजय बिराज खत्री, तुलसा खनाल र रेमन्त वली सह निर्माताको रुपमा रहेका छन् ।

फिल्मका लागि केही कलाकार छानिएको र केही छनौट बाँकी भएकोले अहिले सार्वजनिक नगरिएको निर्देशक गिरीले बताए ।

# 'वडा नम्बर ६'को सिक्वेल बनाउँदै दीपक-दीपा




फिल्म निर्माता दीपकराज गिरी र दीपाश्री निरौलाले २०७२ सालको चर्चित फिल्म 'वडा नम्बर ६'को सिक्वेल निर्माणको तयारी थालेका छन् । अनलाइनखबरसँग कुरा गर्दै दीपकले अहिले पटकथा लेखनमा काम भैरहेको जानकारी दिए ।

'अहिले तीनवटा फिल्ममा काम भइरहेको छ, जसमध्ये एउटा वडा नम्बर ६ हो' दीपकले भने, 'यी तीनमध्ये कुनै एउटा फिल्मको सुटिङ मंसिरदेखि थाल्ने हाम्रो तयारी छ ।' यसै महिनाको सुरुआतमा अनलाइनखबरसँग कुरा गर्दै दीपकले 'वडा नम्बर ६'कै शैली अर्थात् सामाजिक र हास्यव्यंग्य कथावस्तुमा फिल्म बनाउने भन्दै यस्तो संकेत गरेका थिए । 'वडा नम्बर ६' लाई उज्वल घिमिरेले निर्देशन गरेका थिए भने यसमा दीपकसहित धुर्मुस, दयाहाङ राई, माग्ने बुढा, मुन्द्रे, प्रियंका कार्की लगायतको अभिनय थियो । फिल्मलाई दीपक र दीपाले संयुक्त रुपमा निर्माण गरेका थिए । यो फिल्मलाई समीक्षकले रुचाएका थिए । यो नयाँ फिल्मलाई दीपाश्रीले निर्देशन गर्ने तय छ ।

यसवर्ष निर्माण गरेर आउँदो वर्ष प्रदर्शन गर्ने तयारी छ । दीपक-दीपा अहिले नयाँ बानेश्वर चोकमा बनिरहेको मल्टिप्लेक्स हल सञ्चालनको अन्तिम तयारीमा छन् । यो हल बलिउड फिल्म 'जवान'लाई लक्षित गर्दै भदौ १५ देखि २१ गते भित्र सञ्चालनमा आउने दीपकले जानकारी दिए ।


# परमिता राणाले सार्वजनिक गरिन् 'सोलमेट'



मोडल तथा अभिनेत्री परमिता राणाले आफ्नो सोलमेट सार्वजनिक गरेकी छिन् । परमिताले सोमबार राती आफ्नो इन्स्टाग्राममा एउटा भिडियो पोस्ट गरेर प्रेमीबारे जानकारी दिएकी छिन् । उनले भिडियोको क्याप्सनमा लेखेकी छिन्, 'हाई सोलमेल' । यसका साथै उनले ह्याप्पिनेस, लभ, सोलमेट, कपल, विद् यु लगायतका ह्यासट्याग प्रयोग गरेकी छिन् । यसका साथै उनले ह्यासट्यागमा मलयालम पनि लेखेकी छिन् । उनका प्रेमीबारे केही जानकारी उपलब्ध छैन । तर यो ह्यासट्यागका कारण उनका प्रेमी भारतीय हुन् कि भन्ने धेरैले अनुमान गरेका छन् ।

परमिता हाल भारतको महाराष्ट्रमा बस्छिन् ।

# 'जुलेबी' र 'हिंड्दा हिंड्दै'ले दुई दिनमा कति कमाए ?



पछिल्लो शुक्रबार प्रदर्शनमा आएका नेपाली फिल्मले बक्स अफिसमा निकै कमजोर व्यापार गरेका छन् । चलचित्र विकास बोर्डका अनुसार पहिलो सप्ताहन्तमा समेत यी फिल्मको कलेक्सन एक लाख रुपैयाँ पनि पुगेको छैन ।

राम्रो समीक्षा प्राप्त गरेको गणेशदेव पाण्डे निर्देशित 'जुलेबी'को ग्रस कलेक्सन शनिबार बेलुकासम्म ९३ हजार रुपैयाँ रहेको बोर्डले जनाएको छ । आकाश श्रेष्ठ अभिनित 'हिंड्दा हिंड्दै'को दुई दिने कमाइ ७४ हजार रुपैयाँ छ । 'जुलेबी'मा सुरक्षा पन्त, सुशील सिटौला, उषा रजक लगायतको अभिनय छ । 'हिंड्दा हिंड्दै'मा आकाश श्रेष्ठ, रेखा शाह, सानिया खानको अभिनय छ ।

सामाजिक सञ्जालमा राम्रो प्रतिक्रिया प्राप्त गरे पनि यो फिल्मको ओपनिङ अकुपेन्सी नै कमजोर थियो ।

यस साता पनि भारतीय फिल्महरु 'ओएमजी २' र 'गदर २' को दबदबा देखिएको छ । पछिल्लो सप्ताहन्तमा यी दुई फिल्मले राम्रो कमाइ गरेका छन् । चलचित्र विकास बोर्डले प्रत्येक तीन-तीन महिनामा औपचारिक रुपमा फिल्मको कमाइ सार्वजनिक गर्ने जनाएको छ ।

भदौदेखि नेपाली फिल्मको बक्स अफिस लयमा फर्किने अपेक्षा गरिएको थियो । तर पहिलो साता नै नेपाली फिल्मको ओपनिङले चुनौती खडा गरेको छ ।

दर्ता नं.: १८००३८/०७४/०७५ तपाईको यात्रा शुभ अनि सफल रहोस्...... शुभकामना
चाहना यातायात प्रा.लि.
हाम्रो देशको विद्युत हामीले सदुपयोग गरौं, विद्युतीय गाडीमा आरामदायी यात्रा गरौं ।
सिन्धुली काउण्टर 9854041239 9801718220
काठमाण्डौ चावहिल ९८०१६६८०४५
चालक ९८५४०४५५३२ ९८५४०४५५३६
थप जानाकरी ९८५४०४०५३३(टंक) ९८५४०४५५४१(उद्धव)
काठमाण्डौ काउण्टर 9854045531
काठमाण्डौ-खुर्कोट-सिन्धुली-बर्दिबास अग्रिम बुकिङ्ग र रिर्जभको व्यवस्था ।

अब घरमा चाहिने सम्पूर्ण सामानहरु एकै ठाउंमा
Opening time : 7 am to 8 pm
SINDHULI MART
कमलामाई न.पा.-६, रातमाटा, सिन्धुली
सम्पर्क नं.: ९८५४०४१५०५

9828889707
9840908200
Kamalamai nursery
Kamalamai municipality 6, Dhurabazaar, Sindhuli
हामीकहाँ रुद्राक्ष, रक्त चन्दन, धुपी, आँप, कटहर, लिची, नास्पाती, कागती, जुनार, सुन्तला इन्डोर र आउटडोर प्लान्ट, विभिन्न जातका फुलहरु, विवाह व्रतन्धका लागि फुल र दुबोका मालाहरु, आकर्षक सिजनल फुलहरु पाइन्छ । साथै घर तथा रेष्टुरेष्ट आदी सजावट र गार्डेनिङका कामहरुपनि गरिन्छ ।

एम्बुलेन्स चाहिएमा
तिलकुमारी बस्नेत स्मृति सामाजिक प्रतिष्ठान सिन्धुली
द्वारा सञ्चालित एम्बुलेन्स गाडी
रमेश श्रेष्ठ
९८४४५०८०८२
९८१२१५४६२७

कन्चन बुटिक तथा कन्चन सिलाई हाउस एण्ड कपडा पसल
कमलामाई न.पा.-६, २ नं. बजार, सिन्धुली
047-520724
9811409291
9854041724
यहाँ लेडिज एण्ड जेन्सको कोट, पेन्ट, शर्ट सिलाउनुका साथै कलेज र स्कूलको ड्रेस पनि पाइन्छ।

सन्देश जनप्रियका लागि दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित, प्रधान सम्पादक : कृष्ण गौतम, सम्पादकः प्रेम दाहाल, सम्वाददाताः पवन राउत, कार्यालय (सिन्धुली)ः विपी राजमार्ग, कमलामाई-६, (बर्दिवास)ः सिन्धुलीरोड, कानुनी सल्लाहकारः केशवप्रसाद गौतम ई-मेलः news.pradesh@gmail.com, वेभः www.epradeshkhabar.com मुद्रणः लालिगुराँस अफसेट प्रेस, सिन्धुली